बालबालिकालाई निमोनियाबाट जोगाऔं
निमोनियाबाट बालबालिकालाई बचाउन,
-नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
-आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
-धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं ।
-सरसफाइमा उचित ध्यान दिऔं ।
-सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर १४ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 November 29 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९१

## हरिया तरकारीको मूल्यवृद्धि रोकिएन
## बेमौसमी तरकारीको मूल्यलाई मौसमी तरकारीले मात दियो

रामेश्वर मेहता, धर्मेन्द्र चौरसिया, १३ मङ्सिर/
यसपटक हरियो तरकारी महँगो हुने क्रम रोकिएको छैन । गत असोज ११-१२ गतेको अविरल वर्षापछि पर्सा र बारा क्षेत्रमा महँगो भएको हरिया एकजना किसानले बताए ।

अहिले खुद्रामा काउली प्रतिकिलो रु १००, भन्टा, परवल, करैला, रामतोरिया रु १००, नयाँ आलु ८०, पुरानो आलु ६०, प्याज १२०, घ्यू सिमी १४०, हरियो हरिया तरकारीको खेतीमा किसानहरूले रुचि देखाउन थालेका छन् ।

पर्सा जिल्लामा ठोरी गाउँपालिकाका आठघरे, सुवर्णपुर बजारमा थोरै मात्रामा हरिया तरकारीहरू बिक्री गरिन्छ ।



तरकारीहरूको मूल्य डेढ साता अघि घटेको थियो । तर अहिले पुनः हरिया तरकारीहरूको मूल्य आकाशिएको छ । हरिया तरकारीरूको मूल्य निरन्तर बढेपछि तरकारीखेतीमा लागेका किसानहरू भने उत्साही भएका छन् । जाडोयाममा हरिया तरकारी सस्तो हुन्थ्यो । यो सिजनमा सबैखाले हरिया तरकारी उपलब्ध हुन्छन् । तर यही सिजनमा भने हरिया तरकारी सस्तो नभएपछि यो कर्ममा लागेका किसानहरू निकै खुसी देखिएका हुन् । विगत वर्षहरूमा हरिया तरकारी खेती गर्ने किसानहरूले काउली, बन्दाकोभी, गोलभेडा आदिबाट लागत पनि नउठेको भनेर सडकमा फालेर, खेतमा छरेर विरोध गर्नुपरेको थियो । तर यसपटक त्यो अवस्था छैन । हरिया तरकारीको मूल्य घट्नुको साटो बढिरहेको छ । हरिया तरकारी खेतीका लागि बाराको सिम्रौनगढ निकै प्रख्यात छ । त्यहाँ किसानहरू अहिले हरिया तरकारी खेतीबाट मनग्य आम्दानी भएकामा खुशी छन् । विगतमा यहाँका किसानहरूले सिजनमा हुने हरिया तरकारीबाट आम्दानी नभएपछि बेमौसमी तरकारीखेतीतर्फ आकर्षित भएका थिए । मौसमी र बेमौसमी तरकारीखेती गर्ने किसानहरूले मौसमी तरकारीबाट हुने घाटालाई बेमौसममा गरिने तरकारीखेतीबाट क्षतिपूर्ति गर्दै आएका थिए । तर यसपटक बेमौसमी तरकारीखेतीभन्दा मौसमी तरकारीखेतीबाट मनग्य आम्दानी भएको कोसा २५०, सजीवन २००, हरियो खुर्सानी १३०, बन्दा र लौका ८०, गोलभेडा १२०, मूला ४० मा बिक्री भइरहेका छन् । तरकारीको खुद्रा मूल्य भन्दा १०-२० रुपैयाँ कममा गोलाबाट बिक्री भइरहेको छ । अहिले जाडोयाम भएकोले बजारमा विभिन्न किसिमका सागहरू देखा परेका छन् । रायो, गेनरी साग सबै सिजनमा पाउने भएपनि अहिले चम्सुर, पालक, मेथी, सुगवा, बथुवालगायतका सागहरूले बजारको आकर्षण बढाएको छ । बेमौसममा १२ सय प्रतिकिलो पुग्ने धनियाको पात अहिले सय रुपैयाँमा फालाफाल भएको छ ।

बाराका सिम्रौनगढ, पचरौता नगरपालिका हरिया तरकारीहरूका लागि चर्चित स्थान हुन् । यहाँका हरिया तरकारी पर्सा, बारा, रौतहट, मकवानपुर, काठमाडौंसम्म निर्यात हुन्छन् । बाराको तुलनामा पर्सामा हरिया तरकारीखेती व्यावसायिकरूपमा फस्टाउन सकेको छैन । तर पनि यो खेतीबाट मनग्य आम्दानी देखेर पोखरिया, धोबिनी, छिपहरमाई, सखुवाप्रसौनी, जीराभवानी, पटेर्वासुगौली र महानगरका ग्रामीण क्षेत्रसँग जोडिएका वडाहरूमा हरिया तरकारीखेती हुँदै आएका छन् । पर्साका केही किसानहरूले पनि बेमौसमी तरकारीखेती शुरू गरेका छन् । शुरूमा बहुदरमाई नपा हरिया तरकारीखेतीका लागि चर्चित थियो भने अहिले अन्य पालिकाहरूमा पनि व्यावसायिकरूपमा जीराभवानी गापाका नौकाटोला, सेढवा, सखुवनिया, सुगौली, जगरनाथपुर गापाका जानकीटोला, मसिहानी, दसौता, छिपहरमाई गापाका भिस्वा, तुलसीबर्वा, सम्भौता र वीरगंज महानगरपालिकाका विर्ता, माईस्थान, गीता मन्दिर, मुर्ली, नगवालगायतका क्षेत्रमा पनि यही मूल्यमा हरिया तरकारीहरू बिक्री गरिन्छ । अहिले यी बजारहरूमा हरिया तरकारी महँगोमा बिक्री भइरहेको छ ।

**बोइलर कुखुराको मासुको मूल्य स्थीर**

बोइलर कुखुराको मासु पर्साका ग्रामीण क्षेत्रमा भन्दा महानगरमा सस्तोमा बिक्री भइरहेको छ । अहिले महानगरमा बोइलर कुखुरा प्रतिकिलो २५०-२८० सम्ममा बिक्री भइरहेको छ ।

वीरगंज महानगर-१५ नेशनल मेडिकल कलेज जाने बाटोमा बोइलर कुखुरा रु २५० प्रतिकिलोमा बिक्री भइरहेको छ भने मुर्ली, रानीघाट लगायतका क्षेत्रमा २६० प्रतिकिलोमा बिक्री भइरहेको छ । यही बोइलर कुखुरा पर्सा जिल्लाको पोखरिया नगरपालिका लगायत ग्रामीण क्षेत्रमा प्रतिकिलो रु ३०० मा बिक्री भइरहेको छ । चाडपर्वताका पनि बोइलर कुखुराको मासु बढेन भने अहिले प्रतिकिलो रु १०-२० को मात्र उतारचढाव भइरहेको छ । महानगरका विभिन्न स्थानमा सस्तो दर भएका पोस्टर टाँसेर अहिले बोइलर कुखुराको मासु बिक्री भइरहेका छन् ।

## यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायबारे अभिमुखीकरण

नितेश कर्ण, वीरगंज, १३ मङ्सिर/
यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका धारणा शब्दावलीबारे स्थानीय सरोकारवालाबीच अभिमुखीकरण सोसाइटी काठमाडौंका अध्यक्ष उमिशा पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमको जिल्ला स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साहले उद्घाटन गरेका कार्यक्रममा पालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको उपस्थिति थियो । सहयात्री समाज पर्साका कार्यकारी संयोजक सुरज लिम्बूले अहिले समलिङ्गी




कार्यक्रम बिहीवार वीरगंजमा सम्पन्न भएको छ ।

'लैङ्गिक पहिचान यौन अभिमुखीकरण र यौन विशेषतासम्बन्धी बुझाइ' नाराका साथ ब्लू डायमन्ड सोसाइटी काठमाडौंको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा आज आयोजित कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका अवधारणा र शब्दावलीबारे स्थानीय तहका सरोकारवालाबीच अभिमुखीकरण कार्यक्रम गरिएको थियो । ब्लू डायमन्ड थिए । उनले स्थानीय सरकारले अहिले रोजगारका विभिन्न क्षेत्रमा अवसर प्रदान गरेको बताए । उनले तेस्रोलिङ्गी तथा समलिङ्गीहरूमा अधिकारसँगै उच्च शिक्षाको आवश्यकता रहेको बताए । यौन व्यवसायलाई न्यूनीकरणका लागि तेस्रोलिङ्गीहरूको पहुँच शिक्षामा बढ्नुपर्ने उनले सुझाए । उनले यस प्रकारका अभिमुखीकरण कार्यक्रममा आयोजकले पालिकास्तरका जनप्रतिनिधिहरूलाई सहभागी गराउनुपर्ने सुझाए । तथा तेस्रोलिङ्गीहरूलाई हेर्ने नजरमा समस्या रहेको बताए । उनीहरूलाई रोजगारको समस्या रहेको र यो विषयको निराकरणविना सुधारको अपेक्षा गर्न नसकिने उनले बताए । उनले पर्सा जिल्लामा हाल सम्पर्कमा आएका पाँच सयजनामध्ये ८० जना एचआइभी सङ्क्रमित रहेको बताए । उनले समलिङ्गी र तेस्रोलिङ्गीहरूको हकमा सरकारले स्वास्थ्य शिक्षा तथा रोजगारको व्यवस्थापन नगरेको आरोप पनि लगाए ।

## दुई स्थानबाट १८ जना बिचौलियाहरू पक्राउ

प्रस, वीरगंज, १३ मङ्सिर/
जिल्ला प्रहरी कार्यालय, पर्साको टोलीले बिहीवार यातायात व्यवस्था कार्यालय पर्सा र वीरगंज बसपार्क परिसरमा यात्रु तथा सेवाग्राहीलाई दुःख हैरानी दिने १८ जना बिचौलियालाई पक्राउ गरेको छ ।

जनगुनासाका आधारमा आज जिल्ला प्रहरी कार्यालय, पर्साबाट खटिएको प्रहरी टोलीले अनुगमनको क्रममा दुवै क्षेत्रबाट १८ जना बिचौलियालाई पक्राउ गरेको जनाएको छ ।

वीरगंज महानगरपालिका-१६ बसपार्कमा यात्रुहरूलाई दुःख, हैरानी दिने तथा यातायात कार्यालय पर्सा वीरगंजका सेवाग्राहीहरूलाई काम छिटोछरितो गरिदिन्छु भनी बार्गेनिङ गर्नेहरू १८ जना बिचौलियालाई पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ । कार्यालय परिसरमा अनधिकृतरूपमा प्रवेश गरी काम मिलाइदिन्छु भनी प्रलोभनमा पारी प्रचलित कानूनविपरीत अत्यधिक सेवा शुल्क लिने तथा सेवाग्राहीहरूलाई अनावश्यक दुःख हैरानी दिने गरेकाहरूलाई पक्राउ गरिएको जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए ।

उनले पर्सा जिल्ला विन्ध्यवासिनी गापा-१ बस्ने वर्ष २१ का सञ्जीव गुप्ता, वीरगंज महानगरपालिका-८ बस्ने वर्ष ५१ का विजय साह, वडा नं १० रानीघाट बस्ने वर्ष १८ का बजरङ्गी महतो, वर्ष २२ का राहुल महतो, वर्ष ३८ का विजय साह, वर्ष २८ का फिरोज खान, भारतीय नागरिक वर्ष २५ का जटाशङ्कर कुमार र रौतहट जिल्ला माधवनारायण नपा-१ बस्ने वर्ष २५ का नरेश साह सोनारलाई पक्राउ गरिएको प्रवक्ता लम्सालले बताए ।

त्यसैगरी, गोरखा जिल्ला गोरखा नपा-९ बस्ने वर्ष २६ का सुशान्त कुँवर, वीरगंज महानगरपालिका-१० बस्ने वर्ष ३५ का प्रभु पटेल, वडा नं १५ बस्ने वर्ष ३१ का सन्देश सिंह, वडा नं १६ बस्ने वर्ष २० का विकाश पटेल, वडा नं ११ बस्ने वर्ष ३१ का जयपुजन ठाकुर, वर्ष २३ का मनीष महतो, वर्ष २२ का चन्दनकुमार चौरसिया, वर्ष ३५ का सन्तोष महतो, वडा नं १४ बस्ने वर्ष २३ का इद मियाँ धोबी र वडा नं ११ बस्ने वर्ष ४० का सुरजभगत मालीलाई पक्राउ गरी निजहरूलाई सार्वजनिक शान्तिविरुद्धको कसूरमा थप अनुसन्धान भइरहेको जिप्रकाले जनाएको छ ।

## प्रसौनीमा जिनाद बाबाको मेला शुरू

प्रस, वीरगंज, १३ मङ्सिर/
बारा जिल्लाको प्रसौनी गाउँपालिका- बाबाको मेलाको नेपाली काङ्ग्रेस, बाराका क्षेत्रीय सभापति लोकेश सिंहले उद्घाटन गरिने बताए । नेता सिंहले सन्तान नभएका दम्पतीहरू जिनाद बाबाको मेलामा आउने



५ मा जिनाद बाबाको दुई दिने मेला बिहीवारदेखि शुरू भएको छ । आज र भोलिसम्म सञ्चालन हुने दुई दिने जिनाद गरेका थिए । उनले जिनाद बाबाको मेला आफ्नो पहलमा एक दशकदेखि हुँदै आएको र यसलाई निरन्तरता प्रदान र भाकल पूरा हुने जनविश्वास रहेको बताए ।

(बाँकी अन्तिम पातामा)

## क्याम्पस प्रमुखको हत्यामा संलग्न मुख्य अभियुक्त पक्राउ

प्रस, वीरगंज, १३ मङ्सिर/
कलैया उपमहानगरपालिकाको बरेवास्थित रामराजा मोहन विक्रम शाह बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको गोली हानी हत्या गर्ने मुख्य अभियुक्तलाई



जिल्ला प्रहरी कार्यालय, बाराले पक्राउ गरेको छ ।

बिहीवार जिप्रका बारामा पत्रकार सम्मेलन गर्दै प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले गत जेठ ३२ गते आदर्श कोतवाल गाउँपालिका-२ खजुरियामा साँझ सवा पाँच बजे क्याम्पस प्रमुख कुशवाहाको गोली हानी हत्या गरिएको घटनाका मुख्य अभियुक्त सुरेन्द्र कुशवाहा पक्राउ परेको बताए ।

उनले घटनाको ६ महीनासम्म फरार आदर्श कोतवाल गापा-२ निवासी ४१ वर्षीय कुशवाहालाई कोशी प्रदेशको मोरङ जिल्लाबाट हिजो पक्राउ गरिएको बताए । उनी हत्यापछि शुरूमा भारतमा बस्दै आएका र त्यसपछि मोरङ जिल्लामा देखिएको सूचनाका आधारमा पक्राउ गरिएको बताए । पक्राउ परेका कुशवाहा नेपाली सेनामा रहेका र उनी सेनाबाट पनि भगौडामा रहेको उनले बताए । बारा प्रहरीले ६ महीना अघिको यो घटनामा १० जना शङ्कास्पदलाई पक्राउ गरेर कारबाही अगाडि बढाएको थियो । १० जनामध्ये दुईजना धरौटीमा रिहा भएका छन् भने आठजना बारा जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि बन्दी सुधारगृह (कारागार) वीरगंजको थुनामा छन् । पक्राउ परेका मुख्य अभियुक्त कुशवाहालाई ज्यानसम्बन्धी र हातहतियार खरखजानामा मुद्दा चलाइने प्रवक्ता सापकोटाले बताए ।

### विचारसार र सूक्तिहरू

**जसले सहन सिकिसक्छ, उसले भन्न छोडिदिन्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# बालविवाह

**नेपालमा कानूनतः बालविवाह अपराध हो। फेरि पनि यहाँ बालविवाह नियन्त्रण हुन सकेको छैन। अझै पनि यहाँका मन्त्री, प्रधानमन्त्रीलगायत उच्च ओहोदाका व्यक्तिहरूले 'बालविवाह गर्नेलाई कारबाई हुन्छ है' भन्दै हिंड्नुपरेको छ। भर्खरै मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्रीले एक कार्यक्रममा यसै भने 'बालविवाह गर्ने गराउनेलाई कानून अनुसार सजाय हुन्छ'। यसको मतलब बालविवाह गर्नुहुन्न भन्नेबारे ठूलो समुदाय अनभिज्ञ छ। जसलाई कानून थाहा छ, उसले बालविवाह किन गर्न नहुने भन्ने कुरा बुझेको छैन। जसले बुझेर पनि बुझ पचाइरहेको छ, त्यस्तालाई तुरुन्त कठघरामा उभ्याउने तदारूकता छैन। बालविवाह केवल कानून कार्यान्वयन नहुँदाको परिणाम मात्रै चाहिं होइन, यो सामाजिक, आर्थिक र सांस्कृतिक जटिलताहरूको परिणाम पनि हो। यद्यपि पछिल्ला वर्षहरूमा यसमा केही कमी आएको भए तापनि नियन्त्रण हुन सकेको छैन। बालविवाहले मातृशिशु मृत्युदर, महिला हिंसा, आत्महत्याका घटनाहरू हुने एवं दाइजोप्रथा र महिला निरक्षरतालगायतका समस्याहरू निम्त्याएका छन्।**

**बालविवाहको प्रत्यक्ष असर पुरुषभन्दा महिलालाई बढी पर्छ। यसले किशोरीहरूको स्वास्थ्य, शिक्षा र भविष्यमाथि गम्भीर असर पुऱ्याइरहेको छ। कम उमेरमा गर्भावस्था हुँदा मातृशिशु मृत्युदर उच्च छ। आमाको कमजोर शारीरिक अवस्थाका कारण बालविवाहबाट जन्मिने बालबालिका प्रायः कुपोषित हुन्छन्। महिला हिंसाको अर्को रूप दाइजोप्रथासँग बालविवाह प्रत्यक्षरूपले जोडिन्छ। बालविवाहपछि बालिका प्रायः आर्थिकरूपमा आत्मनिर्भर हुन सक्दैनन्। यसले लैङ्गिक एवं पारिवारिक हिंसाको शिकार बन्ने सम्भावना हुन्छ। शिक्षाबाट वञ्चित हुनु बालविवाहको प्रत्यक्ष प्रभाव हो। किशोरीहरू विद्यालय छोडेर विवाहित जीवन बिताउन पुग्दा महिला साक्षरता दरमा कमी आउँछ। साक्षरता अभावका कारण बालिका आत्मनिर्भर बन्न सक्दैनन्, यसले परिवारलगायत समग्र समाजको आर्थिक विकासमा बाधा पुऱ्याउँछ।**

**नेपालको प्रचलित कानूनले २० वर्षभन्दा मुनिका बालबालिकाको विवाहलाई गैरकानूनी ठहर गरेको छ। विवाहमा संलग्न अभिभावक र अन्य सदस्यहरू उपर पनि कारबाही हुन्छ। तर यी कानूनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सामाजिक र सांस्कृतिक परम्पराहरू, आर्थिक अभाव, अशिक्षा र जागरूकताको कमी बालविवाहका प्रमुख कारण हुन्। कतिपय परिवार तथा समुदाय एवं क्षेत्रमा बालिका जन्मनु भनेको अरूको घर जाने ठान्छन्। यसर्थ पनि छिटो विवाह गरिदिनु उचित सम्झन्छन्। आर्थिकरूपमा कमजोर परिवारले छोरीको दाइजो खर्च घटाउन जतिसक्दो छिटो विवाह गरिदिन्छन्। कानूनको कार्यान्वयन पक्ष फितलो भएकै कारण प्रभावकारी कार्यान्वयनमा नदेखिएको हो। त्यसैगरी, स्थानीय निकाय, प्रहरी प्रशासन र समुदायस्तर जो बालबालिकाका रक्षक र कानूनका पालक हुन्, उनीहरूमा समेत बालविवाहविरुद्ध चेतना उठेको छैन। बालविवाह अन्त्य गर्न सबैभन्दा प्रभावकारी उपाय किशोरीहरूलाई शिक्षामा जोड्नु हो। सरकारी तथा गैरसरकारी संस्थाहरूले लक्षित क्षेत्रमा विशेष शिक्षा अभियान सञ्चालन गर्नुपर्छ। त्यसैगरी, बालिकाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालीमहरू उपलब्ध गराउने, नागरिक अगुवाहरूको नेतृत्वमा स्थानीयस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन र कानूनलाई कडाइका साथ लागू गर्न जरुरी छ।**

# ओरालो लाग्दै विद्यार्थीको सिकाइ

नेपालमा माध्यमिक तह (कक्षा ९–१२) मा शैक्षिक गुणस्तर र समानतामा विभिन्न चुनौतीका कारण सिकाइ उपलब्धि महत्त्वपूर्ण क्षेत्र रहँदै आएको छ। खासगरी सामाजिक–आर्थिक र भौगोलिक असमानताका कारण देशभरि गणित, विज्ञान र अङ्ग्रेजी जस्ता मुख्य विषयहरूमा औसत सिकाइ उपलब्धिमा उल्लेखनीय भिन्नता देखिएको छ। नेशनल एसेसमेन्ट अफ स्टुडेन्ट अचिभमेन्ट (नासा)को पछिल्लो प्रतिवेदन अनुसार नेपालका माध्यमिक तहका विद्यार्थीले विशेषगरी गणित र विज्ञान जस्ता विषयमा प्रवीणताको मापदण्ड पूरा गर्न सङ्घर्ष गरिरहेका छन्। माध्यमिक शिक्षाको अन्त्यसम्ममा लगभग ४०–५० प्रतिशत विद्यार्थी मात्र अपेक्षित योग्यताको स्तरमा पुग्छन् भन्ने तथ्याङ्कले देखाउँछ। विद्यालय पूर्वाधार, शिक्षकको गुणस्तर र संसाधनको उपलब्धता जस्ता कारक तत्त्वहरूका कारण नतीजामा यस प्रकारको भिन्नता देखाएको छ। नासाको प्रतिवेदन अनुसार समग्रमा विद्यार्थीहरूले विज्ञान र गणितको तुलनामा सामाजिक अध्ययन र भाषा विषयहरूमा राम्रो प्रदर्शन गरेको देखिन्छ। माध्यमिक शिक्षाको सिकाइ उपलब्धिको अवस्था हालैको माध्यमिक शिक्षा परीक्षा (एसइई) तथा कक्षा १२ को नतीजाले छर्लङ्ग पारिदिएको छ। २०८० सालको एसइईमा करीब ४८ प्रतिशत र कक्षा १२ को परीक्षामा करीब ५३ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण हुन सके। यस नतीजामा पनि सामुदायिक र संस्थागत विद्यालयको उत्तीर्ण प्रतिशतबारे विश्लेषण गर्ने हो भने सामुदायिक विद्यालयको नतीजा अझै डरलाग्दो देखिन्छ।

नेपालमा एसइई २०७३ सालदेखि प्रारम्भ भएयता पहिलोपटक सबै विद्यार्थीका लागि मौका परीक्षाको जुगाड गरिएको हो। मौका परीक्षामा सबै विद्यार्थी उत्तीर्ण होस् भन्ने सरकारको चाहना थियो। तर मौका परीक्षा दिएकामध्ये करीब ५७ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण हुन सके। मौका परीक्षाको अवधारणा विद्यार्थीहरूलाई उत्तीर्णताको प्रमाणपत्र वितरण गर्ने मात्र नभई विद्यार्थीहरूले प्राप्त गरेको प्रमाणपत्र बिकोस् भन्ने हो। तर यसतर्फ सरकार गम्भीर खासै भएको देखिंदैन। विद्यार्थीहरूलाई जुनसुकै हालतमा पनि उत्तीर्ण गर्नेगरी आउने दिनमा पनि मौका परीक्षाको प्रावधान नदोहोरिएला भन्न सकिन्न। सरकारले सङ्ख्यात्मक शिक्षाभन्दा पनि गुणात्मक शिक्षातर्फ ध्यान केन्द्रित गर्नु जरुरी छ। कक्षा ३ का विद्यार्थीले एक मिनेटमा ४५ वटा शब्द शुद्ध, गति, यति र लयमा पढ्न सक्ने र पढेकामध्ये ८० प्रतिशत बोध भएको हुनुपर्ने बेन्चमार्क सरकारले तय गरेको छ। तर दुर्भाग्य, कक्षा ५ का अधिकांश विद्यार्थीले पनि यो बेन्चमार्क पूरा गर्न नसकेको अवस्था छ। यतिमात्र होइन, कक्षा १० का पनि कतिपय विद्यार्थीहरू नेपाली तथा धेरै विद्यार्थी अङ्ग्रेजी किताब राम्रोसँग पढ्न र पढेको कुरा बुझ्न नसक्ने अवस्थाका देखिन्छन्। तसर्थ गुणात्मक शिक्षाका लागि नेपाल सरकारले एक उच्चस्तरीय आयोग बनाइ यस सम्बन्धमा उचित सोधखोज गरी सोहीबमोजिम अगाडि बढ्नु आवश्यक छ।

**स्वतन्त्र विचार**



**भरत सहनी**

**वर्तमानको शिक्षा प्रणाली, कमजोर शिक्षा नीति, बढ्दो बेरोजगारी र राजनीतिक अस्थिरताका कारण देशका अब्बल विद्यार्थीहरू पढाइसँगै कमाइका लागि देशबाहिर जाने गरेका छन्। यसबाट मुलुकले दक्ष जनशक्ति बिस्तारै गुमाउँदै गइरहेको र देशले यसको ठूलो मूल्य भविष्यमा चुकाउनु नपर्ला भन्न सकिन्न।**

एसइई २०८० को नियमित नतीजामा ४८ प्रतिशत र मौका परीक्षामा ५७ प्रतिशत विद्यार्थी उत्तीर्ण हुनुले एसइईको समग्र नतीजा सन्तोषजनक देखिन्छ। यस नतीजाबारे सकारात्मक तथा नकारात्मक तरीकाले विश्लेषण गर्नुभन्दा पनि उत्तीर्ण भएका विद्यार्थीहरू उपल्लो कक्षामा कतिको राम्रो प्रदर्शन गर्न सक्लान्? प्राप्त प्रमाणपत्रको आधारमा विश्व बजारमा कतिको प्रतिस्पर्धा गर्न सक्लान्? यसबारे चर्चा गर्नु जरुरी छ। विगतमा छिमेकी मुलुकबाट मैट्रिक (कक्षा १०) पास गरेका विद्यार्थीको प्रमाणपत्रलाई लिएर कसरी खिल्ली उडाइन्थ्यो, हामीले राम्रोसँग बुझेका छौं। के वर्तमानमा हामीले एसइईको प्रमाणपत्रलाई त्यसै रूपमा लिइरहेका त छैनौं? यसबारे मनन गर्नु जरुरी छ। तसर्थ एसइईको साखलाई जोगाउन सङ्ख्यात्मकभन्दा पनि गुणात्मक शिक्षामा जोड दिनु आवश्यक छ। शिक्षालाई गुणात्मक बनाउन विद्यार्थीको सिकाइ उपलब्धि केन्द्रित शिक्षण प्रणाली लागू गर्नुका साथै परीक्षा प्रणालीलाई मर्यादित बनाउन र गुणस्तरीय शिक्षाप्रति सबै सरोकारवालाहरूको इमानदारी आवश्यक रहेकोले यसबारे थप चर्चा गर्न आवश्यक रहेको छ।

विगतमा एसएलसी परीक्षालाई आइरन गेटको रूपमा लिइन्थ्यो। एसएलसी परीक्षाको एक प्रकारको आफ्नै खालको सुन्दर र कमजोर पक्षहरू थिए। एसएलसीलाई करीब आठ वर्ष अगाडि नै विस्थापित गरी सरकारले एसइईलाई कक्षा १० को एक सामान्य परीक्षाको रूपमा लागू गऱ्यो। तर अझै पनि यसको बुझाइबारे धेरैमा अन्योलता पाइन्छ। तसर्थ यसबारे शिक्षक, अभिभावक र विद्यार्थीहरूमा सकारात्मक सन्देश प्रवाह हुनु जरुरी छ। एसइईको उद्देश्यबारे नबुझाउन्जेलसम्म एसइईलाई मर्यादित बनाउन सकिंदैन। हाल एसइई अमर्यादित तवरबाट सञ्चालन भइरहेको केही उदाहरणहरू प्रस्तुत गर्न चाहन्छु। एसइईको बाह्य अनुगमनमा गएका केही साथीहरूको अनुभव पस्किन चाहन्छु। एकजना साथीका अनुसार जब उनी परीक्षा हलमा प्रवेश गरे, तब उनले कक्षाकोठामा नियमित शिक्षण भएको सरह विद्यार्थीहरूका हातहातमा किताब तथा गेसपेपर देखे। यतिमात्र कहाँ हो र, एकजना विद्यार्थी त केन्द्राध्यक्षको कार्यालयभित्र उत्तरपुस्तिका लेख्दै गरेको उनले देखे। झट्ट हेर्दा शुरूमा त ती विद्यार्थी अपाङ्गता भएका विद्यार्थी हुन् कि जस्तो उनलाई लागेको थियो, तर एकछिनपछि हेर्दै जाँदा ती विद्यार्थीमा अपाङ्गता नभएको प्रमाणित भयो। उनलाई त अचम्म कतिखेर लाग्यो भने, ती विद्यार्थीलाई गेसपेपर पल्टाउँदै सही उत्तर पत्ता लगाउनमा सहयोग पुऱ्याउनका लागि दुईजना शिक्षकसमेत परिचालित थिए। केन्द्राध्यक्षको कार्यालय कोठामा परीक्षा दिइरहेका विद्यार्थी पहुँचवाला परिवारका विद्यार्थी हुन् भन्ने कुरा उनले पछि मात्र थाहा पाए। त्यसैगरी, एसइईको अनुगमनका क्रममा बाह्य अनुगमनकर्ताको रूपमा खटिगएका दोस्रो साथीको अनुभव सुन्दा झनै अचम्म लाग्यो। परीक्षा हलमा भएको स्मार्ट बोर्डमा प्रश्नको उत्तर लेखिएको थियो र विद्यार्थीहरूले खुरुखुरु सार्दै थिए, उनले बताए। त्यसैगरी, तेस्रो साथीको भनाइ अनुसार विद्यार्थीहरूको हातहातमा स्मार्ट मोबाइल थियो र मोबाइलको सहयोगबाट विद्यार्थीहरूले प्रश्नको उत्तर लेख्दै गरेको अनुभव उनले सुनाएका थिए। माथिका यी उदाहरणहरूबाट एसइई कतिको मर्यादित ढङ्गबाट सञ्चालन भइरहेको छ, सहजै अनुमान गर्न सकिन्छ। यस प्रकारको परीक्षाबाट उत्तीर्ण भएका विद्यार्थीहरूले के कक्षा १२ को अन्तिम परीक्षामा राम्रो नतीजा ल्याउलान् त? माध्यमिक शिक्षा पूरा गरेका यस्ता विद्यार्थीहरूबाट उच्च शिक्षामा कस्तो नतीजाको अपेक्षा गर्ने?

अब चर्चा गरौं, संस्थागत विद्यालयका बालबालिकाहरू कसरी सरकारी सुविधालाई सदुपयोग गर्दैछन्। सामुदायिक विद्यालयबाट कक्षा ८ देखि १० सम्मको शिक्षा पूरा गरेका विद्यार्थीहरूलाई नेपाल सरकारले विगतका केही वर्षदेखि छात्रवृत्ति तथा विशेष कोटा प्रदान गर्दै आएको कुरा सर्वविदितै छ। सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि नेपाल सरकारले मेडिकल, इन्जिनीयरिङ तथा कृषिलगायतका प्राविधिक सङ्कायहरूमा अध्ययनका लागि प्राथमिकता दिँदै विशेष किसिमको कोटा प्रदान गर्दै आएको छ। बाहिरीरूपमा हेर्दा नेपाल सरकारको यस प्रकारको नीति तथा प्रावधानले सामुदायिक विद्यालयलाई प्रवर्द्धन गर्न र सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अवसर प्रदान गर्न खोजेको देखिन्छ। तर भित्रीरूपमा यस नीति तथा प्रावधानलाई नियालेर हेर्दा ज्यादै खतरनाक देखिन्छ। किनभने सरकारको नीतिबाट सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूभन्दा संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूले बढी फाइदा लिने गरेको देखिन्छ। संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले एकदमै रहस्यमयी तरीकाबाट सरकारको नीतिको फाइदा उठाउँदै आएका छन्। ज्यादै चलाख तथा चतुर अभिभावकका बालबालिकाहरू नर्सरीदेखि कक्षा १० सम्म संस्थागत विद्यालयमा नियमित पठनपाठन गर्दै कक्षा ८ देखि १० सम्मको अन्तिम परीक्षाको प्रमाणपत्र सामुदायिक विद्यालयबाट प्राप्त गर्छन्। यस प्रक्रियामा सामुदायिक विद्यालयका प्रधानाध्यापकको समेत मिलेमतो देखिन्छ। सामुदायिक विद्यालयका यस्ता प्रधानाध्यापकहरू आफ्नै विद्यालयमा पठनपाठन गर्ने गरीब, दलित तथा सीमान्तकृत परिवारका बालबालिकाहरूको भविष्यसँग खेलबाड गर्दै आएका छन्।

एक अन्तर्वार्ताको क्रममा त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार केदारप्रसाद रिजालले 'अबको १० वर्षमा हाईस्कूलमा पढाउने दक्ष शिक्षक पाउनुहुन्न, लेखेर राख्नोस्' बताएका थिए। कैयौं भविष्यवाणी उनले कुनै अध्ययनविना नै गरेका होलान्? पक्कै होइन। उनको यस भविष्यवाणीबाट वर्तमान शिक्षाको स्तरलाई उजागर गरेको छ। सामुदायिक विद्यालयको खस्किंदो शैक्षिकस्तरका कारण हुँदा खाने परिवारका बालबालिकाहरू सामुदायिक विद्यालयमा र हुने खाने परिवारका बालबालिकाहरू संस्थागत विद्यालयमा जाने गरेको देखिन्छ। वर्तमानको शिक्षा प्रणाली, कमजोर शिक्षा नीति, बढ्दो बेरोजगारी र राजनीतिक अस्थिरताका कारण देशका अब्बल विद्यार्थीहरू पढाइसँगै कमाइका लागि देशबाहिर जाने गरेका छन्। यसबाट मुलुकले दक्ष जनशक्ति बिस्तारै गुमाउँदै गइरहेको र देशले यसको ठूलो मूल्य भविष्यमा चुकाउनु नपर्ला भन्न सकिन्न।

# 'बेइजिङ घोषणाको कार्यान्वयन जरुरी'

काठमाडौं, १३ मङ्सिर/रासस

चीनको बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनको घोषणा र कार्यमञ्चले पारित गरेका १२ वटा सवालको कार्यान्वयनमा सांसदहरूले ध्यान दिन नसकेको बताएका छन्।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम संसद् सहयोग परियोजनाको सहकार्य क्रममा बिहीवार राधा पौडेल फान्डेशनले आयोजना गरेको कार्यक्रममा प्रतिनिधिसभा र राष्ट्रियसभाका महिला सांसदहरूले बेइजिङ घोषणाका सवाल कार्यान्वननमा ध्यान दिन नसकेको बताएका हुन्।

संविधानमा लेखिएको महिला अधिकार गाउँसम्म पुगेर लागू नभएको र त्यसलाई लागू गराउन सांसदले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने जरुरी भएको उनीहरूको भनाइ थियो।

कार्यक्रममा विज्ञ र सहभागीले उठाएका सवालपछि सांसदहरूले बेइजिङ घोषणापत्रको करीब ३० वर्षमा नेपालले लैङ्गिक समानता र विकासको क्षेत्रमा उल्लेखनीय काम गरे पनि महिला विविधतालाई उचितरूपमा सम्बोधन हुन नसकेको बताइएको थियो। संसद् र संसदीय समितिमा बेइजिङ कार्ययोजना र घोषणाका सवाललाई मुद्दा बनाउने प्रतिबद्धता सांसदहरूले जनाएका थिए।

बेइजिङ घोषणाले महिला र गरीबी, महिला शिक्षा र तालीम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र सशक्त सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिला, महिला र सञ्चार, महिला र वातावरण जस्ता सवाललाई समानता र विकासको दृष्टिकोणमा लाग्नुपर्ने तर्क राखिएको थियो।

नेकपा (एमाले) राष्ट्रियसभाकी प्रमुख सचेतक भगवती न्यौपानेले बेइजिङ घोषणाका आयामलाई लैङ्गिक हिंसाको अन्त्य र समानताको दृष्टिकोणबाट सांसदहरूले छलफल गर्नुपर्ने जरुरी रहेको बताइन्। उनले त्यसको कार्यान्वयनका लागि बन्न आवश्यक कानूनका विषयमा विधायन समितिले पहलकदमी लिने प्रतिबद्धता जनाइन्।

प्रतिनिधिसभाकी सांसद हर्कमाया विश्वकर्माले संसद्को महिला तथा सामाजिक मामिला समितिले छलफल गरेको र कार्यान्वयनको पाटोमा निगरानी गर्न चुकेको स्वीकार गरिन्। उनले बेइजिङ घोषणा कार्यान्वयनका लागि बनाउनुपर्ने समानता ऐनका विषयमा छलफल चलाउन पहल गर्ने प्रतिबद्धता जनाइन्।

राष्ट्रियसभाकी सदस्य गरिमा शाहले महिलाका सवालमा थुप्रै उपलब्धि हासिल भएपनि अझै धेरै काम गर्न बाँकी रहेको बताइन्। महिलामाथि हुने लैङ्गिक हिंसा, भेदभाव र स्रोत साधनहरूको असमान पहुँचजस्ता चुनौतीलाई पार लगाउन संसद्मा गम्भीर छलफल हुनुपर्ने उनको भनाइ थियो। उनले बेइजिङ घोषणाका सवाललाई महीनावारी विभेदसँग जोडेर पनि संसद्मा छलफल गर्नुपर्नेमा उनको जोड थियो।

सांसद गोमा तिमिल्सेना र गङ्गा दाहाल बेल्वासेले राष्ट्रियसभा र प्रतिनिधिका सांसदहरू एक ठाउँमा बसेर

(बाँकी पाँचौं पातामा)

**सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८**

# अर्थ - उद्योग - वाणिज्य

## वैदेशिक रोजगारका दुःखद पक्ष

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**वैदेशिक रोजगार लघुकालमा अति लाभदायक भए पनि दीर्घकालमा यो घातक हुन्छ। वैदेशिक रोजगारमा प्रत्येक वर्ष ठूलो सङ्ख्यामा नेपालीहरू विदेशतिर लाग्ने अवस्थाले नेपाललाई आर्थिकरूपमा कमजोर पार्दैछ। यो महत्त्वपूर्ण तथ्य बुझ्न आवश्यक छ। अहिले नेतृत्वमा रहेका र भोलि नेतृत्व गर्नेहरूले बुझ्न झन् आवश्यक छ।**

अहिले संसारभरि नै वैदेशिक रोजगारप्रति अभूतपूर्व आकर्षण बढेको छ। खासगरी अफ्रिका तथा दक्षिण एशियाका नागरिकहरूका लागि वैदेशिक रोजगार जीवनको सर्वाधिक ठूलो सपना हुन पुगेको छ। प्रत्येक वर्ष संसारभरिका विभिन्न देशहरूबाट लाखौंको सङ्ख्यामा व्यक्तिहरू रोजगारका लागि ठूलो धनराशि खर्च गरेर, जोखिम लिएर तथा ज्यानको नै बाजी थापेर धनी कहलिएका देशहरूतिर पुगिरहेका छन्। र त्यहाँ पुग्ने क्रममा लाखौं बाटैमा अलपत्र परिरहेका छन्। बर्सेनि हजारौंले ज्यान पनि गुमाइरहेका छन्। यति हुँदाहुँदै पनि वैदेशिक रोजगारप्रति व्यक्तिहरूको आकर्षण घटेको छैन। झन् बढेको छ, झन्झन् चुलिंदै गएको छ।

वैदेशिक रोजगारप्रति नेपालीहरूको आकर्षण त झन् उत्कर्षमा छ। वैदेशिक रोजगारका लागि ठूलो सङ्ख्यामा नेपालीहरू संसारका अनेक देश पुगेका छन्। धनी देशहरूमा त पुगेकै छन्, गरीब देश पनि बाँकी छैनन्। रोजगारका लागि स्वदेश त्याग्ने नेपालीहरूको सङ्ख्या ठूलो छ। अनुमान गरिए अनुसार अहिले एक तिहाई नेपाली देशभित्र छैनन्, देश बाहिर छन्। र देश बाहिर हुने प्रमुख कारण रोजगार नै हो।

रोजगारको लागि विदेश पुगेका हजारौं नेपालीहरूको कामको क्रममा अङ्गभङ्ग भएको छ। हजारौं गम्भीर दुर्घटनामा परेका छन्। गम्भीर दुर्घटनामा परेर हजारौंको ज्यान गएको छ। रोजगारका लागि विदेश पुगेका सयौं नेपालीहरूले आत्महत्या पनि गरेका छन्। रोजगारका लागि विदेश पुगेका नेपालीहरूको एक वर्षमा कति सङ्ख्यामा मृत्यु हुन्छ भन्ने नेपाल सरकारसँग भरपर्दो तथ्याङ्क छैन। यति हुँदाहुँदै पनि वैदेशिक रोजगारको आकर्षण घटेको छैन। झनै बढेर गएको छ।

संसारभरिका मानिस र खासगरी युवाहरूलाई अति आकर्षित गर्ने रोजगार क्षेत्र के यथार्थमा त्यतिकै आकर्षक छ त? अति नै आनन्दायी छ त? राम्रो आय आर्जन गराउने स्थितिको छ त? यस आलेखमा भने वैदेशिक रोजगारको आर्थिक पक्षबारे बढी चर्चा गरिने छैन। वैदेशिक रोजगारका सुखदभन्दा दुःखद पक्षहरूबारे चर्चा गरिने छ। मनोवैज्ञानिक पक्षबारे बढी चर्चा गरिने छ।

कुनै पनि देशले सर्वप्रथम आफ्नो देशका नागरिकलाई रोजगार उपलब्ध गराउने इच्छा मात्र गरेको हुँदैन, यो विषय प्राथमिकतामा नै राखेको हुन्छ। कुनै पनि देशले, आफ्नो देशमा हुने विभिन्न कामका लागि देशकै नागरिक उपलब्ध छैनन् भने मात्र अन्य देशहरूबाट श्रम (श्रमिक) आयात गर्दछ। प्रायः जोखिमपूर्ण, नीरस तथा जटिल प्रकृतिको कार्य आफ्ना देशका नागरिकले गर्न नरुचाउने हुनाले त्यस किसिमको कार्य गर्न श्रम आयात गरिन्छ। विदेशी श्रमिकहरूलाई आफ्नो देशमा आएर कार्य गर्न अनुमति दिने गर्दछ। त्यसकारण वैदेशिक रोजगारमा जाने इच्छुकहरूले यो तथ्य राम्ररी थाहा पाउन आवश्यक छ कि विदेशमा पुगेर गर्ने कार्यको प्रकृति जोखिमपूर्ण, नीरस र जटिल हुन सक्छ। काम गर्दा अङ्गभङ्ग हुन सक्छ। लामो समयसम्म बिरामी हुने स्थिति हुन सक्छ। कार्यस्थलमैं मृत्युसमेत हुन सक्छ। यस्तो भएको छ। नेपालमा प्रत्येक वर्ष बन्द बक्सामा लाश बनेर विदेश पुगेका श्रमिकहरू फर्कने स्थितिले पनि यस कुराको पुष्टि गर्दछ। तलब, सुविधा आकर्षक भए तापनि तुलनात्मकरूपमा विदेश श्रमिकहरूले जोखिमपूर्ण, नीरस, कठिन कार्य गर्नुपर्दछ। यो संसारभरिको नै चलन हो।

वैदेशिक रोजगारमा जाँदा प्रायः कार्य गर्ने स्थललगायत आफू बस्ने ठाउँ–शहरमा व्यक्ति एक्लै बस्नुपर्ने स्थिति हुन्छ। एक्लै बस्न, मान्छे त के, पशुहरूलाई समेत कठिन हुन्छ। पशु, पक्षी, कीटपतङ्गसमेत समूहमा बस्ने गर्दछन्। अनि मानिस कसरी, त्यो पनि विदेशमा, एक्लै बसेर रमाउन सक्छ?

वैदेशिक रोजगारको क्रममा यदि कुनै व्यक्तिले लामो समयसम्म एक्लै बस्नुपर्ने भएमा सो व्यक्ति मानसिक कुण्ठाको शिकार हुने उच्च सम्भावना हुन्छ। परिवार र आफ्नो समाजले दिने वातावरण स्वेच्छा होइन, यो अति आवश्यकता हो। यो आवश्यकता विदेशमा पूरा हुन नकसेर रोजगारका लागि विदेश पुगेका लाखौंको सङ्ख्यामा व्यक्तिहरू मानसिक रोगी भएको सयौं उदाहरण छन्।

मानव सभ्यताले निर्माण गरेको अनेक महत्त्वपूर्ण संस्थाहरूमध्ये परिवार अति नै महत्त्वपूर्ण संस्था हो। यो संस्थाले व्यक्तिलाई बाँच्नका लागि ऊर्जा दिन्छ। सुखमा सुख वृद्धि गरिदिन्छ भने दुःखमा दुःख कम पारिदिन्छ। बाँच्नका लागि भोजन, जल, वायु, निद्रा आदि आवश्यक भएझैं परिवार पनि मानिसको लागि आवश्यक वस्तु सरह हो। परिवारको अभावमा कुनै पनि व्यक्ति स्वस्थ रहेर बाँच्न कठिन हुन्छ। यसै कारणले गर्दा परिवारको परिकल्पना गरिएको हो। यसको निर्माण गरिएको हो। पतिपत्नी, सन्तान, बाबुआमा, काकाकाकीजस्ता सामाजिक पात्रहरू सृजना गरिएको हो। वैदेशिक रोजगारका लागि विदेश पुगेकाहरूले परिवारबाट पाउने आनन्द गुमाउँछन्। रोजगारको सन्दर्भमा रोजगारका लागि लामो समयसम्म विदेश बस्नेहरूले त परिवारबाट पाउने आनन्द झनै बढी गुमाउँछन्।

आर्थिक लाभको दृष्टिकोणले वैदेशिक रोजगार अति आकर्षक त छ तर यसका दुःखद पक्षहरू पनि धेरै छन्। त्यसकारण दीर्घकालीन लाभ र मनोवैज्ञानिकरूपमा स्वस्थ रहने हिसाबले वैदेशिक रोजगारलाई कदापि राम्रो मान्न सकिन्न। कुनै पनि देशबाट ठूलो सङ्ख्यामा व्यक्ति रोजगारका लागि संसारका अनेक देश पुगेमा त्यस देशले (जहाँबाट श्रमिकहरू विदेश गएका छन्) ठूलो मात्रामा जनशक्ति गुमाउँछ। नेपालमा अहिले त्यही भइरहेको छ। नेपालले अहिले ठूलो मात्रामा जनशक्ति गुमाएको स्थिति छ।

जनशक्ति कम हुनु कुनै पनि देशको लागि सुखद स्थिति होइन। जनशक्तिको अभावले राष्ट्रिय उत्पादन व्यवस्थामा प्रत्यक्ष प्रभाव पार्दछ। देशमा कम उत्पादन भएर, देश आयातमुखी हुन्छ। रोजगार बजार सङ्कुचित भएर देशभित्र बेरोजगारी बढ्छ। नेपालमा बेरोजगारी बढ्नुका अनेक कारणहरूमध्ये एउटा महत्त्वपूर्ण कारण यो पनि हो।

कुनै पनि देशको ठूलो जनशक्ति रोजगारका लागि विदेश जानु त्यस देशको लागि दीर्घकालमा अति हानिकारक हो। कसरी? ठूलो सङ्ख्यामा नागरिक रोजगारका लागि विदेश गएमा त्यस्तो देश 'रेमिट्यान्समुखी' हुन पुग्दछ। आफूले कम उत्पादन गर्ने, विदेशबाट कमाएर ल्याएको पैसाले अर्को देशबाट खरीद गरेर खाने स्थितिमा पुग्छ। एउटा देशबाट कमाएर ल्याएको पैसा अर्को देशलाई बुझाउने स्थितिमा पुग्छ। अत्यधिक मात्रामा रेमिट्यान्स प्राप्त गर्ने देशले आफ्नो देशको कृषि र उद्योगलाई अनिवार्यरूपमा कमजोर पार्दछ। नेपालमा अहिले त्यही भइरहेको छ। संसारका अनेक देशबाट कमाएर ल्याएको पैसा हामीले अहिले भारतीय र चिनियाँ वस्तु खरीद गर्नमा खर्च गरिरहेका छौं। विदेशबाट कमाएर ल्याएको पैसा चीन र भारत पठाइरहेका छौं। यस कारणले गर्दा हाम्रो आफ्नो उत्पादनको सङ्ख्या तीव्ररूपमा घट्ने क्रममा छ।

जनसङ्ख्याको एउटा खास अंश मात्र वैदेशिक रोजगारमा जानु उचित हो। ठूलो सङ्ख्यामा जानु उचित होइन। रोजगारका लागि ठूलो सङ्ख्यामा नागरिकहरू विदेश जाने स्थितिले देशलाई दीर्घकालमा दरिद्र पार्छ। आर्थिकरूपमा त दरिद्र पार्छ नै, अनेक सामाजिक समस्याहरू पनि ल्याउँछ।

कुनै पनि देशमा नयाँनयाँ किसिमका उद्योगहरूको सृजना गर्ने कार्य युवाहरूले नै गर्दछन्। नयाँनयाँ व्यापारको सृजना गर्ने कार्य पनि युवाहरूले नै गर्दछन्। नयाँनयाँ वस्तु एवं सेवाको विकास एवं आविष्कार पनि युवाहरूले नै गर्छन्। अनेक किसिमका व्यापारिक कार्य गरेर देशमा रोजगारको स्तर वृद्धि गर्ने अनि देशलाई आर्थिकरूपमा सबल पार्ने जिम्मेवारी पनि युवाहरूकै हो। देशभित्र विकासको लहर युवाहरूले नै ल्याउने हो, सरकार केवल माध्यम हो। एक सहजकर्ता मात्र हो। नेपालको सन्दर्भमा भने सरकार शासक मात्र बनेको छ।

देशलाई समृद्ध पार्ने युवाहरूले नै हो। प्रौढहरूको अनुभव युवाहरूले नै उपयोग गर्ने हो। त्यसकारण युवाहरू विकासका 'कर्ता' हुन्। तर दुःखद पक्ष, हाम्रो देशमा प्रत्येक दिन हजारौंको सङ्ख्यामा युवाहरू स्वदेश परित्याग गरिरहेका छन्।

वैदेशिक रोजगार लघुकालमा अति लाभदायक भए तापनि दीर्घकालमा भने यो घातक हो। वैदेशिक रोजगारमा प्रत्येक वर्ष ठूलो सङ्ख्यामा नेपालीहरू विदेशतिर लाग्ने अवस्थाले नेपाललाई आर्थिकरूपमा कमजोर पार्दैछ। यो महत्त्वपूर्ण तथ्य बुझ्न आवश्यक छ। अहिले नेतृत्वमा रहेका र भोलि नेतृत्व गर्नेहरूले बुझ्न झन् आवश्यक छ।



**भेंडाको बथान चर्दै**: लमजुङ दोर्दी गाउँपालिका–५ सिम्रुङमा बिहीवार साँझ घुम्ती भेंडी गोठको भेंडाको बथान चर्दै। यस गोठमा ६०० भेडाका बथान रहेका छन्। तस्बिरः जनक श्रेष्ठ/रासस

## लगानी बोर्ड बैठकः बूढीगण्डकीलगायत विभिन्न जलविद्युत् परियोजनाको लगानी स्वीकृत

काठमाडौं, १३ मङ्सिर/रासस

लगानी बोर्डले बूढीगण्डकीलगायत विभिन्न जलविद्युत् परियोजनाको लगानी स्वीकृत गरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीका अध्यक्षतामा सिंहदरबारमा सम्पन्न बोर्डको ६०औं बैठकले ३४१ मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् परियोजनाका लागि रु ७० अर्ब, १०६ मेगावाट क्षमताको जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत् परियोजनाका लागि रु २३ अर्ब ५९ करोड र २१० मेगावाट क्षमताको चैनपुर–सेती परियोजनाका लागि रु ४७ अर्ब ५४ करोड लगानी स्वीकृतिको निर्णय गरेको हो।

यसैगरी, बैठकले ३२७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी र सम्राट सिमेन्ट कम्पनी प्रालिको म्याद थप गरेको छ भने पश्चिम सेती जलविद्युत् परियोजनाको क्षमता ७५० मेगावाटबाट बढाएर आठ सय मेगावाट बनाउने गरी म्याद थप तथा चार किल्ला जडित क्षेत्रको अनुमतिपत्र संशोधनको निर्णय गरेको छ। साथै माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको शेयर परिवर्तन र सम्झौतापत्र संशोधनको निर्णय गरिएको छ।

प्रधानमन्त्री ओलीले सम्बन्धित निकायहरूले समन्वयात्मकरूपमा काम गरी मुलुकमा लगानीको उचित वातावरण सृजना गर्न र समृद्धिको यात्रामा तदारूकताका साथ काम गर्न आग्रह गरे। उनले विकास र समृद्धिका लागि विद्यमान कानून र बैठकमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले यस अघिको असोज २२ गतेको निर्णयका आधारमा बोर्डको रणनीतिक तथा व्यावसायिक योजनाको मस्यौदा तयार गरी सरोकार भएका पक्षसँग छलफल भइरहेको जानकारी गराए।

## वर्ल्डलिङ्क कम्युनिकेसन्समा फिनफन्डको एक करोड युरो लगानी

काठमाडौं, १३ मङ्सिर/रासस

नेपालको सबैभन्दा ठूलो इन्टरनेट सेवाप्रदायक तथा देशकै अग्रणी आइसिटी कम्पनी वर्ल्डलिङ्क कम्युनिकेसन्स लिमिटेडमा फिनल्यान्डको सरकारी फन्डिङ कम्पनी फिनफन्डले एक करोड युरो लगानी गरेको छ।

फिनफन्डको लगानी विद्यमान फाइबर नेटवर्क विस्तार गर्न प्रयोग गरिने वर्ल्डलिङ्क कम्युनिकेसन्सले जनाएको छ। नेपालमा झन्डै आधा जनसङ्ख्या अझै पनि ब्रोडब्यान्ड इन्टरनेटको पहुँचबाट वञ्चित हुनुका साथै शहरी र ग्रामीण क्षेत्रमा उल्लेखनीय असमानता हटाउँदै विश्वस्तरीय डाटा सेन्टरले नेपालको कनेक्टिभिटीमा सुधार र आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने वर्ल्डलिङ्कले जनाएको हो।

आज आयोजित कार्यक्रममा फिनल्यान्डका वैदेशिक व्यापार तथा विकास मन्त्री भिले टचाभियोको उपस्थितिमा वर्ल्डलिङ्कका अध्यक्ष दिलीप अग्रवाल र फिनफन्डको तर्फबाट वरिष्ठ लगानी प्रबन्धक कुट्टी किल्पेलेइनले लगानी सम्बन्धित सम्झौतापत्रमा हस्ताक्षर गरे।

"वर्ल्डलिङ्कले नेपालको ग्रामीण क्षेत्र र दुर्गम गाउँमा आफ्ना सेवा विस्तार गरेर डिजिटल विभाजनलाई कम गर्ने दिशामा काम गरिरहेको छ भने डिजिटल पूर्वाधारमा फिनफन्डको लगानीले समुदायलाई छिटो, गुणस्तरीय र भरपर्दो इन्टरनेट सेवा उपलब्ध गराउन खोजेको छ," फिनफन्डका किल्पेलेइनले भने, "फिनिश लगानीकर्ता भएकाले हामी पक्कै पनि वर्ल्डलिङ्कले आफ्नो इन्टरनेट सेवा विस्तार गर्न उन्नत प्रविधि प्रयोग गर्छ भन्ने तथ्यलाई पनि महत्त्व दिन्छौं।"

फिनिश प्रविधि तथा उपकरण निर्माता नोकिया र वर्ल्डलिङ्कको सहकार्यले वर्ल्डलिङ्कका ग्राहकलाई समग्र इन्टरनेट अनुभवलाई भरपर्दो, तीव्रगतिको र थप विश्वसनीय बनाउने लक्ष्य राखेको छ।

डाटा सेन्टर क्षेत्रमा वर्ल्डलिङ्कको विस्तारले वर्ल्डलिङ्कका ग्राहकलाई मात्र नभई अन्य इन्टरनेट सेवाप्रदायक, टेलिकम र सार्वजनिक तथा निजी क्षेत्रका संस्थालाई पनि फाइदा पुग्ने विश्वास लिइएको छ।

"फिनफन्डको लगानी नेपालको हरेक कुनालाई तीव्र, भरपर्दो र किफायती इन्टरनेट नेटवर्कमा जोड्ने हाम्रो लक्ष्यमा एउटा महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ," वर्ल्डलिङ्कका अध्यक्ष दिलीप अग्रवालले भने, "हाम्रो फाइबर नेटवर्क विस्तार, विश्वस्तरीय डाटा सेन्टर स्थापना, शहर र ग्रामीण भेगबीचमा देखिएको डिजिटल विभेदलाई हटाउँदै देशभर डिजिटल रूपान्तरणलाई गति दिने लक्ष्य राखेका छौं।"

उनका अनुसार वर्ल्डलिङ्कले पाँच हजारभन्दा बढी व्यक्तिलाई रोजगार प्रदान गरेको छ। कम्पनीसँग नेपालमा ३५ प्रतिशत ब्रोडब्यान्ड बजार र नौ लाखभन्दा बढी परिवारमा पहुँच प्रदान गरेको जनाउँदै कम्पनीले ७७ मध्ये ७३ जिल्लामा सेवा प्रदान गर्दै आएको उनले बताए।

वर्ल्डलिङ्क ठूलो विदेशी लगानी भित्र्याउन नेपालको इन्टरनेट सेवाप्रदायकमध्येको पहिलो र एकमात्र कम्पनी हो। कम्पनीले यस अघि ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्ट (बिआइआई) र डोल्मा इम्प्याक्ट फन्ड (डिआइएफआइआई)मार्फत विदेशी लगानी भित्र्याइसकेको छ।

तीनजना ...

विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभागका उपप्राध्यापक एवं कार्यक्रम आयोजक भाषा विज्ञान समाज नेपालका महासचिव डा तारामणि राईले बताए।

हरेक वर्षको अङ्ग्रेजी महीना डिसेम्बर २६ र २७ गते आयोजना गरिने सम्मेलनमा नेपालका दुईजना र नेपाल बाहिरका एकजना भाषा वैज्ञानिकले पुरस्कार पाउने गरेका छन्। यो पुरस्कार नेपालको भाषाबारे अध्ययन, अनुसन्धान र लेखनमा लागेका भाषा वैज्ञानिकहरूले पाउने गरेको महासचिव डा राईले बताए।

डा समर सिन्हा (सिक्किम विश्वविद्यालयका प्रोफेसर), डा दानराज रेग्मी र डा भीमलाल गौतम (त्रिभुवन विश्वविद्यालय) रहेको मूल्याङ्कन समितिको सिफारिशका आधार पुरस्कार वितरण गरिएको हो। सम्मेलनमा अमेरिका, अस्ट्रेलिया, भारत, जर्मनी, साउदी अरब, पोल्यान्ड, बेलायतलगायत १० देशका भाषा वैज्ञानिकहरूको सहभागिता रहेको महासचिव डा राईले बताए।

# विप्रेषण वृद्धि : उद्योग–व्यवसाय धराशयी

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**राष्ट्रिय बजेटको हाराहारी स्वदेश भित्रिने रेमिट्यान्सको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकियो भने देशको अर्थतन्त्रको स्वरूप नै परिवर्तन हुन सक्छ तर यसरी प्राप्त हुने रकमलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्न सकिएको छैन ।**

सरकारी निकायको उदासीनताका कारण स्वदेशी उद्योग–व्यवसाय बिस्तारै धराशयी बन्दै गएको छ। पछिल्लो समय मुलुकमा औद्योगिक वातावरणसमेत खस्कँदो अवस्थामा छ। रोजगार सिर्जना, लगानी आकर्षण र पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान अर्थतन्त्रमा औसतमा पाँच प्रतिशतमा सीमित रहेको छ। औद्योगिक क्षेत्र खुम्चिंदा उद्योग–व्यवसायमा सङ्कट आउने र यसले रोजगारसमेत गुम्न सक्ने तथा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउन थालेको छ। बढ्दो बेरोजगारका कारण उपभोक्ताको खर्च गर्न सक्ने क्षमतामा ह्रास आएर वस्तुको माग घट्न थालेको छ । यस्तो अवस्थामा मुलुकले लामो अवधिको लागि लिएका विकाससम्बन्धी योजनाहरूमा नकारात्मक प्रभाव पर्न जान्छ र उत्पादनशील उमेर समूहका लाखौं युवायुवती मुलुकमा गुमेको अवसरका कारण विदेशिने क्रम बढ्दै जान्छ । फलस्वरूप नेपाली अर्थतन्त्रको मुख्य आधार विप्रेषण र पर्यटन बन्न पुगेको छ । पछिल्लो समय नेपाली अर्थतन्त्रलाई चलायमान बनाउने मुख्य आयस्रोत नै विप्रेषण हो भन्ने कुरामा शायदै कसैको विमति होला ।

केही दिन अघि मात्र विप्रेषण भित्र्याउने मुलुकमा नेपाल पहिलो बनेको समाचार पढ्दा सरकार र यहाँ राजनीतिक नेतृत्वले खुशी मनाएको देखिन्छ भने यहाँका अर्थविज्ञहरूले यसमा खुशी मनाउने कुनै कारण नभएको प्रतिक्रिया दिएका छन् । विप्रेषण धेरै भित्रिनु भनेको मुलुकको आन्तरिक अर्थव्यवस्था कमजोर हुनु हो भन्ने बुझिन्छ। आफू जन्मे–हुर्केको मुलुकमा कामको अवसर नपाएपछि जोखिमपूर्ण र निम्नस्तरको कामका लागि विदेश जानुपर्ने बाध्यता रहेको मुलुकमा अर्थतन्त्रको मुख्य आधार विप्रेषण बन्नु पक्कै पनि खुशीको कुरा होइन । गत असोजमा नेपालमा हालसम्मकै सबैभन्दा बढी विप्रेषण भित्रिएको हो। नेपाल राष्ट्र बैंकका अनुसार गत असोजमा एक खर्ब ४४ अर्ब २० करोड रुपियाँ विप्रेषण भित्रिएको छ । मासिकरूपमा नेपाल आएको विप्रेषणको तथ्याङ्कमा यो नै हालसम्मको उच्च परिमाण हो । यस अघि २०८० असोजमा एक खर्ब ३७ अर्ब विप्रेषण भित्रिएको थियो । अमेरिकी डलरको भाउ वृद्धि, वैदेशिक रोजगारका लागि विदेशिने नेपालीको सङ्ख्या वृद्धि र विश्व अर्थतन्त्र सुधारोन्मुख रहेकोले नेपालीको आम्दानी बढेको कारण विप्रेषणमा वृद्धि भएको हो। नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको पहिलो तीन महीनामा विप्रेषणमार्फत चार खर्ब ७ अर्ब ३१ करोड रुपियाँ मुलुकमा भित्रिएको छ । गत वर्षको सोही अवधिको तुलनामा यो ११.५ प्रतिशतले बढी हो ।

आन्तरिक उत्पादन तथा रोजगारका अवसर वृद्धि हुन नसक्दा दैनिक श्रमशक्ति विदेशिने क्रम बढ्दो क्रममा रहेको छ। यस अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या १,१०,६५४ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ५९,९३९ रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः १,१३,३९७ र ४९,२९७ रहेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार पछिल्लो १७ महीनायता हरेक महीना एक खर्बभन्दा बढी विप्रेषण भित्रिँदै आएको छ । स्वदेशमा रोजगारको अवसर नभएका कारण नेपालीहरू काम गरेर कमाउनका लागि विदेशमा जान बाध्य हुनुपरेको र ज्यान जोखिममा राखेर भएपनि श्रम गर्न बाध्य भएको कुरा सरकार वा सरकारको नेतृत्व गर्नेले आत्मसात् गर्नुपर्ने हो तर त्यसो भएको पाइन्न। वैदेशिक रोजगारमा जानेहरूका साथै उच्च शिक्षाको लागि युरोप, अमेरिका र अस्ट्रेलियालगायत मुलुक जाने नेपालीको कमी छैन । शुरूशुरूमा विद्यावारिधि गर्न विदेश जाने गरेको पाइन्थ्यो भने, पछि स्नातकोत्तर गर्न पनि जान थाले। हाल स्नातक गर्न पनि विदेश जान हतारिने नेपाली विद्यार्थीको सङ्ख्या ह्वात्तै बढेको पाइन्छ । तर विदेशमा पढाइ सकेर स्वदेश फर्कने सोच उनीहरूमा देखिन्न । किनभने विदेशमा सिकेको ज्ञान र सीपको सदुपयोग गर्ने अवसर नेपालमा छैन । विशेषगरी उच्च माध्यमिक तहसम्म मात्र नेपालमा पढ्ने र त्यसपछि विदेशतिर हानिएर उतै पढ्ने अनि उतै काम गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ ।

यता मुलुकमा विप्रेषण आप्रवाहमा वृद्धि भएसँगै शोधनान्तर स्थिति तथा विदेशी मुद्रा सञ्चितिजस्ता अर्थतन्त्रका बाह्य परिसूचकहरूमा सकारात्मक प्रभाव पर्नु स्वाभाविक हो। यसका साथै कतिपय आन्तरिक परिसूचकहरूमा समेत अप्रत्यक्ष प्रभाव परेको देखिन्छ। बजारमा तरलता सहज हुनु, घट्दो मुद्रास्फीति तथा ब्याजदरमा समेत यसको भूमिका देखिन्छ। निर्यात तथा आयातमा आएको सङ्कुचनले घटेको व्यापार घाटाको अवस्थालाई उपलब्धि मान्न मिल्दैन । यता सरकार भने यसैलाई आफ्नो उपलब्धि भनी व्याख्या गरिरहेको छ । मुलुकमा अहिले औद्योगिक गतिविधिमा सुस्तता, व्यापार–व्यवसायमा गिरावट तथा लगानीमा आएको सङ्कुचनले अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन। विप्रेषण बढेसँगै विदेशी मुद्रा सञ्चिति पनि हालसम्मकै उच्च बिन्दुमा पुगेको छ भने शोधनान्तर बचत र चालू खाता बचत पनि थुप्रिँदै गएको तथ्याङ्क छ । विदेशी मुद्राका अन्य स्रोतहरू निर्यात, पर्यटन, विदेशी लगानी, वैदेशिक सहायतालगायत सूचकको अवस्था निराशाजनक छ ।

यसरी विप्रेषणमा आएको वृद्धिले अर्थतन्त्रका बाह्य सूचकहरू निरन्तर बढिरहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। नेपाल राष्ट्र बैंकका अनुसार बढ्दो विनिमय सञ्चितिले सरकार र निजी क्षेत्रलाई लगानी बढाउन राम्रो अवसर दिएकोले त्यसको भरपूर उपयोग गर्नुपर्छ। मुलुकको विदेशी विनिमय सञ्चिति गत असोजसम्म २२ खर्ब ३२ अर्ब रुपियाँ नाघेको छ । गत असार महीनाको तुलनामा यो ९.४ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ । यस्तै, गत असोजमा मुलुकको शोधनान्तर स्थिति एक खर्ब ८४ अर्ब ९९ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब एक अर्ब ६६ करोडले बचतमा थियो । यसैगरी, गत असोजसम्म चालू खाता एक खर्ब ११ अर्ब ८७ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता ५९ अर्ब ६५ करोडले बचतमा थियो । गत असोजसम्म प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) चार अर्ब ८१ करोड रहेको छ । गत वर्षको सोही अवधिमा प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) तीन अर्ब ३८ करोड थियो ।

मुलुकमा कृषि उत्पादनमा कमी भइरहेको छ। तर गोठालो बन्न नेपाली युवाहरूलाई इजरायल जानुपर्छ भन्ने भाष्य स्थापित हुन थालेको छ। यहाँ खेतबारी बाँझै छन् तर नेपालमा नाइजेरियाको मकै रु १७० प्रतिकिलो किन्ने बाध्यता छ। विगत एक वर्षमा ७० करोड रुपियाँको कोदो आयात हुनु नेपालका लागि ज्यादै दुःखद कुरा हो। कोदो मात्र होइन, मकैलगायत प्रायः सबै खाद्यान्न विदेशबाट आयात भइरहेका छन्। मलका लागि समेत यहाँ राजनीति हुने गरेको अवस्था छ। वास्तवमा अर्थतन्त्रमा सुधार ल्याउनका लागि आन्तरिक उत्पादनमा वृद्धि गर्नैपर्छ। आन्तरिक उत्पादन भनेको आफ्नै मुलुकभित्र वस्तु उत्पादन गरेर आत्मनिर्भर हुनु हो। स्वदेशमा खपत हुन नसकेको उत्पादन निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नु पनि हो । आन्तरिक उत्पादनले स्वदेशी उत्पादनसँग मात्र सरोकार राखेको हुँदैन, यसले निर्यात हुने वस्तुसँग पनि सरोकार राखेको हुन्छ। आन्तरिक उत्पादन भन्नाले औद्योगिक उत्पादन मात्र होइन । यस अन्तर्गत व्यापार, व्यवसाय र सेवा क्षेत्र पनि समावेश हुन्छ। किनभने यी क्षेत्रले पनि स्वदेशी उत्पादनमा योगदान पुर्‍याएर देशको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । त्यसैले स्वाधीन अर्थतन्त्रको विकास गर्नु भनेकै आन्तरिक उत्पादन हो । आन्तरिक उत्पादन बढाउन सकियो भने आयात स्वतः कम हुन्छ। न्यून आयात र पर्याप्त निर्यात हुने गर्दा आर्थिकरूपले मुलुक बलियो हुन्छ। यसरी आन्तरिक उत्पादन बढाउन सकेको अवस्थामा विदेशी मुद्राको सञ्चिति पनि सकारात्मक हुन जान्छ। मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग–व्यवसाय स्थापना एवं सञ्चालन विना उत्पादन बढाउन सकिंदैन। उत्पादन नबढाइ आम्दानी हुने कुरै भएन । आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन। आद्यौगिक क्षेत्रको विकास तथा उत्पादनमा वृद्धि नगरी आर्थिक समृद्धि सम्भव देखिंदैन। त्यसैले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सृजना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने रणनीति सरकारको हुनुपर्छ।

राष्ट्रिय बजेटको हाराहारी स्वदेश भित्रिने विप्रेषणाको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकियो भने देशको अर्थतन्त्रको स्वरूप नै परिवर्तन हुन सक्छ तर यसरी प्राप्त हुने रकमलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्न सकिएको छैन। करीब ७० प्रतिशत उपभोगमा र ३० प्रतिशत मात्र उत्पादनशील क्षेत्रमा लगानी भएको तथ्याङ्क छ। श्रम निर्यात गरेर कुनै पनि मुलुक धनी बन्न सक्दैन। मुलुकको आर्थिक विकास र समृद्धिका लागि वस्तु निर्यात गर्न सक्नुपर्छ । निर्यातका लागि देशभित्र आन्तरिक उत्पादन बढाउनुपर्छ । आन्तरिक उत्पादनले देशको आवश्यकता पूर्ति गर्नुका साथै वस्तु निर्यात गरेर मुलुकको अर्थतन्त्र सबल, सक्षम र सुदृढ बन्छ ।



**घुँगीको व्यापारः** सुनसरीको इनरुवा नगरपालिका–२ स्थित बिहीबारे हटियामा घुँगी खरीद–बिक्री हुँदै। पौष्टिक तत्त्वले भरिपूर्ण घुँगी स्थानीय बजारमा प्रतिकिलो रु ८० मा बिक्री हुने व्यापारी बताउँछन्। तस्बिरः नवीन गड्तौला/रासस

# वैदेशिक ऋण अहिले नेपालको हितमा छैन –नेता साउद

बैतडी, १३ मङ्सिर/रासस

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य नारायणप्रकाश साउदले अहिलेको अवस्थामा वैदेशिक ऋण लिनु देशको हितमा नहुने बताएका छन् ।

बैतडीको पाटनमा प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा नेता साउदले नेपालको ऋण लिने सक्ने सामर्थ्य नरहेकोले सरकारले अनुदान मात्रै लिनुपर्ने बताए । चिनियाँ परियोजना बिआरआईको विषयमा आफ्नो धारणा राख्दै उनले छिमेकी देशबाट सहयोग र अनुदान लिन सकिने तर ऋण लिने पक्षमा सरकार नरहेको बताए ।

"नेपालको अर्थतन्त्रले दबाब र चापमा काम गरिरहेको परिस्थितिमा थप ऋण लिनुहुँदैन । ऋण लिन सक्ने नेपालको सामर्थ्य नभएकोले छिमेकी राष्ट्रहरूबाट हाम्रो प्राथमिकताको पक्ष अनुदान र सहयोग हो, हामी ऋण थप्ने पक्षमा छैनौं," नेता साउदले भने। आसन्न उपनिर्वाचनमार्फत जनताले सरकारबाट पाएको सेवा सुविधाको मूल्याङ्कन गर्ने उनले बताए । गत आमनिर्वाचनमा बागी उम्मेदवार उठेका नेताहरूको कारबाही फकुवा गर्नेबारे केन्द्रमा छलफल चलिरहेको नेता साउदले बताए ।

काङ्ग्रेसको एक सय दिने विशेष अभियानका लागि प्रतिनिधिका रूपमा नेता साउदसँगै खटिएका केन्द्रीय सदस्य एवं पर्यटन विभाग संयोजक आङ्गेलु शेर्पाले पार्टीको साङ्गठनिक गतिविधिलाई प्रभावकारी बनाउन अभियान शुरू गरिएको बताए ।

उनले भने, "अभियान प्रभावकारीरूपमा सञ्चालन भइरहेको छ। यसले आगामी दिनमा काङ्ग्रेसलाई थप मजबूत र सबै तहका साङ्गठनिक गतिविधि प्रभावकारी हुने विश्वास छ।"

# २० मेडिकल कलेजका अस्पतालको शय्या क्षमता सार्वजनिक

काठमाडौं, १३ मङ्सिर/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सञ्चालन अनुमति प्राप्त गरेका मेडिकल कलेज तथा विभागीय अस्पतालहरूको विवरण सार्वजनिक गरेको छ ।

मन्त्रालयले तीन सय शय्या बढी क्षमतामा मन्त्रालयबाट अनुमति लिएका त्यस्ता कलेजहरूले सञ्चालन गरेका २० वटा अस्पतालको शय्या क्षमतासम्बन्धी विवरण सार्वजनिक गरेको हो ।

मन्त्रालयसँग अनुमतिप्राप्त गरेकामध्ये सबैभन्दा धेरै शय्या रहेको मेडिकल कलेज भरतपुरस्थित चितवन मेडिकल कलेज रहेको छ । कलेजसँग पाँच सय शय्या क्षमता छ । त्यसैगरी, चार सय शय्या क्षमता सञ्चालनका लागि अनुमति पाएका मेडिकल कलेजको सङ्ख्या तीन छ। लुम्बिनी मेडिकल कलेज एन्ड टिचिङ हस्पिटल–पाल्पा, लर्ड बुद्ध एजुकेशन एकेडेमी लि, नेपालगंज मेडिकल कलेज–बाँके, नेपाल मेडिकल कलेज शिक्षण अस्पताल जोरपाटीले चार सय शय्या क्षमतामा अस्पताल सञ्चालनको अनुमति प्राप्त गरेका छन् ।

बाँकी मेडिकल कलेजलगायत नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी १६ वटा अस्पतालले भने तीन सय शय्या क्षमतामा अस्पताल सञ्चालनको अनुमति पाएका छन् ।

मन्त्रालयले शय्या अनुमतिका आधारमा सेवा सञ्चालन भए/नभएको अनुगमनको तयारी गरिरहेको छ । क्षमताभन्दा बढी शय्या सञ्चालन भए/नभएको तथा बढी क्षमताबारे प्रचार भए/नभएको स्थिति अनुगमन गरी आवश्यक कारबाही गर्ने मन्त्रालयले तयारी गरिरहेको प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी गराए ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# चीनको हिरासतमा रहेका तीन अमेरिकी रिहा

वाशिङ्टन, १३ मङ्सिर/एएफपी

निवर्तमान राष्ट्रपति जो बाइडनको प्रशासनको प्रमुख लक्ष्य पूरा गर्दै चीनले संयुक्त राज्य अमेरिकासँग गरेको कैदी आदानप्रदानमा हिरासतमा लिइएका तीन अमेरिकीलाई रिहा गरेको अमेरिकी अधिकारीले बुधवार बताएका छन् ।

अमेरिकी विदेश मन्त्रालयले गलत तरीकाले हिरासतमा राखेको भनी वर्गीकृत गरेका तीनजना अमेरिकी कैदी मार्क स्वीडन, काई ली र जोन लेउङ चीनका अन्तिम कैदी थिए ।

यद्यपि अधिकारकर्मी र चीनमा हिरासतमा रहेका अन्य कैदीका परिवारले थप अमेरिकी नागरिकहरूको मुद्दा उठाएका छन् ।

"चाँडै नै उनीहरू फर्कनेछन् र धेरै वर्षपछि पहिलोपटक आफ्ना परिवारसँग पुनर्मिलन गर्नेछन्"–अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले पारिवारिक पुनर्मिलनसँग जोडिएको अमेरिकी धन्यवाद दिवसको पूर्वसन्ध्यामा भने ।

"यो प्रशासनको प्रयास र चीनसँगको कूटनीतिका कारण पिआरसीमा गलत तरीकाले हिरासतमा लिएका सबै अमेरिकीहरू स्वदेश फर्किएका छन्"– विदेश मन्त्रालयका प्रवक्ताले बताए ।

यस मामिलासँग सम्बन्धित एक स्रोतका अनुसार अमेरिकी हिरासतमा रहेका तीनजना चिनियाँ नागरिकका लागि बेइजिङसँग अदलाबदली गरेर तीनैजनालाई रिहा गर्न लागिएको हो ।

सन् २०१२ को अन्त्यतिर स्वीडनलाई लागू औषधको आरोपमा चीनको व्यापारिक भ्रमणका क्रममा पक्राउ गरिएको थियो । उनको परिवार र समर्थकहरूले उनीसँग लागू पदार्थ भएको कुनै प्रमाण नभएको र उनका ड्राइभर र अनुवादक सहयोगीले उनलाई दोष दिएको बताएका छन् ।

चीनमा कैदीहरूलाई सहयोग गर्ने समूह डुइ हुवाका अनुसार हिरासतमा रहेको प्रारम्भिक समयमा, स्वीडनले निद्रा र खानाबाट वञ्चित भएको र १०० पाउन्ड (४५ किलोग्राम) भन्दा बढी तौल गुमाएका छन् ।

सन् २००६ देखि जेलमा रहेका पास्टर डेभिड लिनलाई सेप्टेम्बरमा रिहा गरिएको थियो ।

अमेरिकी अधिकारीहरूले, उक्त रिहाई एकजना चिनियाँ नागरिकको अदलाबदलीको भाग भएको, पछि स्वीकार गरेका थिए ।

बाइडेन प्रशासनले आफ्नो कार्यकालको बाँकी समयमा कैदीहरूको रिहाइ सुनिश्चित गर्ने आशा गरेको थियो, बाइडेनले यसै महीना पेरूमा एपेक शिखर सम्मेलनको क्रममा राष्ट्रपति सी जिनपिङसँग अन्तिम भेटमा ती मुद्दाहरू उठाएका थिए । रासस

# श्रीलङ्कामा आँधीका कारण चार बालबालिकाको मृत्यु

कोलम्बो, १३ मङ्सिर/एएफपी

भारततर्फ गइरहेको शक्तिशाली आँधीले निम्त्याएको भारी वर्षाका कारण आएको आकस्मिक बाढीका कारण चारजना बालबालिकाको मृत्यु भएको र बाढीका कारण डुबेका अन्य चारजना बालकको उद्धार गरिएको श्रीलङ्काली उद्धारकर्मीले बिहीवार बताएका छन् ।

उद्धार टोलीका अनुसार श्रीलङ्कामा बाढीका कारण दुई लाख ५० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् ।

भारतीय मौसम अधिकारीहरूले दक्षिणपश्चिम बङ्गालको खाडीमा रहेको आँधी चक्रवातमा परिणत हुन सक्ने 'सम्भावना' रहेको बताएका छन् ।

उत्तरी अटलान्टिकमा आँधीबेहरी वा उत्तरपश्चिमी प्रशान्तमा चक्रवातको जोखिम भएजस्तै यस क्षेत्रका लागि पनि चक्रबातको खतरनाक जोखिम रहेको पाइन्छ ।

श्रीलङ्काको तट पार गरिसकेपछि, आँधी भारतको दक्षिणी तमिलनाडु राज्यतिर उत्तरतर्फ अघि बढिरहेको जनाइएको छ ।

भारतीय मौसम विभागले शनिवार भारतको दक्षिणी तमिलनाडु र पान्डिचेरी तटवर्ती क्षेत्रमा ७० किलोमिटर प्रतिघण्टाको गतिमा प्रवाह हुने अनुमान गरेको छ ।

श्रीलङ्काको विपद् व्यवस्थापन केन्द्रको घर जलमग्न भएपछि सार्वजनिक भवनमा अस्थायी आश्रय खोजिरहेको जनाएको छ ।

सरकारले सेनाको सहयोगमा राहत कार्य शुरू गरेको जनाएको छ ।

विपद् व्यवस्थापन केन्द्रले अझै पनि बेपत्ताहरूको खोजी गरिरहेको उल्लेख गरेको छ ।

दक्षिण एशियाली क्षेत्रले वर्षासँग सम्बन्धित घातक बाढी र पहिरोजन्य जोखिम निरन्तर भोग्दै आएको छ । विज्ञहरूले भने जलवायु परिवर्तनका कारण यस्ता खाले समस्या बढ्दै गएको उल्लेख गरेका छन् । रासस

# १६ वर्षमुनिका लागि सामाजिक सञ्जाल प्रतिबन्ध पारित

मेलबोर्न, १३ मङ्सिर/एएफपी

अस्ट्रेलियाका सांसदहरूले फेसबूक, इन्स्टाग्राम र एक्स जस्ता लोकप्रिय साइटहरूमा विश्वको सबैभन्दा कडा नियन्त्रणमध्ये एकलाई अनुमोदन गर्दै बिहीवार १६ वर्षमुनिका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने ऐतिहासिक नियमहरू पारित गरेका छन् ।

विधेयकलाई अब दुवै संसदीय सदनहरूलाई द्विदलीय समर्थनका साथ पारित गरेको छ र सामाजिक सञ्जाल कम्पनीहरूले चाँडै युवा किशोरहरूलाई खाता खोल्नबाट रोक्न उचित कदम चाल्ने अपेक्षा गरिएको छ ।

ऐनको पालना नगरे पाँच करोड अस्ट्रेलियन डलरसम्म जरिवाना तिर्नुपर्ने कम्पनीहरूले ऐनलाई अस्पष्ट, समस्याग्रस्त र हतार भनेर वर्णन गरेका छन् ।

विधेयक बुधवार संसद्को तल्लो सदनबाट र बिहीवार साँझ सिनेटबाट पारित भएको छ । अब यो कानून बन्ने निश्चित छ ।

प्रधानमन्त्री एन्थोनी अल्बानिजले अर्को वर्षको शुरूमा हुने चुनावलाई ध्यानमा राख्दै उत्साहपूर्वक नयाँ नियमहरूको समर्थन गरेका छन् र अस्ट्रेलियाका अभिभावकहरूलाई यसबाट टाढा रहन आह्वान गरेका छन् ।

मतदान अघि उनले सामाजिक सञ्जाललाई 'सहकर्मी दबावको मञ्च, चिन्ताको चालक, ठगीको वाहन र सबैभन्दा खराब, अनलाइन शिकारीहरूको उपकरण'का रूपमा चित्रण गरे ।

तर १२ वर्षीय एङ्गस लिडोम जस्ता युवा अस्ट्रेलियालीहरू प्रभावित छैनन् ।

"म यसको प्रयोग जारी राख्न चाहन्छु र घरमा सबै मेरा साथीहरूसँग कुरा गर्न सक्ने अनौठो महसूस हुनेछ," उनले भने ।

धेरैले यसको वरपरका तरीकाहरू खोज्ने प्रयास गर्ने सम्भावना छ । "म एउटा उपाय फेला पार्नेछु र मेरा सबै साथीहरूले पनि," लाइडोमले भने ।

त्यस्तै, ११ वर्षीया एल्सी अर्किन्स्थलले विशेषगरी बेकिङ वा कलाको ट्युटोरियल हेर्न चाहने बालबालिकाहरूका लागि सामाजिक सञ्जालको अझै महत्त्व रहेको बताइन् ।

"बालबालिका र किशोरकिशोरीहरूले ती प्रविधिहरू अन्वेषण गर्न सक्षम हुनुपर्छ किनभने तपाईंले ती सबै कुराहरू पुस्तकहरूबाट सिक्न सक्नुहुन्न," उनले भनिन् ।

कागजमा यो प्रतिबन्ध संसारमा सबैभन्दा कडामध्ये एक हो ।

तर हालको विधेयकले नियमहरू कसरी लागू गरिनेछ भन्नेबारे लगभग कुनै विवरण प्रदान गर्दैन । त्यसैले यसले विशेषज्ञहरूमाझ यो केवल प्रतीकात्मक र लागू गर्न असम्भव कानून हो भन्ने चिन्ता जगाएको छ ।

नियामकहरूद्वारा विवरणहरू तयार हुन र प्रतिबन्ध लागू हुन कम्तीमा १२ महीना लाग्नेछ ।

ह्वाट्सएप र युटचुब जस्ता केही कम्पनीलाई सम्भवतः छुट दिइनेछ । यिनीहरूलाई किशोरकिशोरीहरूले मनोरञ्जन, विद्यालयको काम वा अन्य कारणका लागि प्रयोग गर्न आवश्यक पर्छ ।

सरकारले जारी गरेको डिजिटल परिचय पहिचानको उमेर प्रमाणीकरणको माध्यमका रूपमा प्रयोग गर्न सकिंदैन भनेर सुनिश्चित गर्न ढिलो संशोधनहरू प्रस्तुत गरिएको थियो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – कडापरिश्रम |
| मिथुन – कार्यनाश | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – अलमल | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया






**काभ्रेभीरमा 'रक एङ्करिङ' गरेर सडक फराकिलो पारिंदैः** बेनी–जोमसोम–कोरला सडक योजना अन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ मा पर्ने काभ्रेभीरमा 'रक एङ्करिङ' (पहाडमा पारेको प्वालमा रड राखेर सिमेन्ट, बालुवा र गिट्टी जमाउने प्रविधि)बाट सडक फराकिलो पारिंदै । डोजर, ब्रेकर र विस्फोटक पदार्थको प्रयोग गर्दा पहाड चर्किएर खस्ने जोखिम देखिएपछि डिलतर्फको पहाडमा रक एङ्करिङ गर्ने प्रविधि अपनाइएको हो । तस्बिरः सन्तोष गौतम/रासस

# तीनजना युवा भाषा वैज्ञानिक पुरस्कृत

काठमाडौं, १३ मङ्सिर/रासस

भाषा विज्ञान नेपालको ४५औं अन्तर्राष्ट्रिय सम्मेलनमा तीनजना विद्यार्थी 'युवा भाषा वैज्ञानिक पुरस्कार'बाट पुरस्कृत भएका छन् ।

दर्शनाचार्य–विद्यावारिधि (एमफिल–पिएचडी)मा अध्ययनरत युवा भाषा वैज्ञानिकहरू मोहन गुरुङ, सिर्जना घिमिरे र नेह गर्ग 'युवा भाषा वैज्ञानिक पुरस्कार–२०८१'को आवार्डबाट पुरस्कृत भएका हुन् । गुरुङ र घिमिरे त्रिभुवन विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभाग र गर्ग बनारस हिन्दू विश्वविद्यालयका विद्यार्थी हुन् ।

यही मङ्सिर ११ र १२ गते काठमाडौंमा सम्पन्न सम्मेलनमा अनुसन्धान लेखन र प्रस्तुतीकरणको आधारमा उनीहरूलाई नगद रु १० हजार, प्रमाणपत्र र अवार्डबाट पुरस्कृत गरिएको हो ।

'गण्डकी क्षेत्रको ठाडो भाकाः समाज भाषिक अध्ययन' विषयको अनुसन्धान, लेखन एवं प्रस्तुतीकरणको आधारमा गुरुङले अवार्ड प्राप्त गरेका हुन् । त्यस्तै, 'बहुभाषिक कक्षाकोठमा सिकाइमा कठिनाइ' विषयबाट घिमिरेले र 'मैथिलीका शाब्दिक, रूपात्मक तथा वर्णनात्मक प्रेरणार्थक सङ्केतनः तुलनात्मक अध्ययन' विषयबाट खोज, लेखन र प्रस्तुतीकरणको आधारमा गर्गले पुरस्कार पाएको त्रिभुवन

(बाँकी तेस्रो पातामा)

## भूमिसुधार तथा मालपोत कार्यालय पर्साको ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला पर्सा साबिक वीरगंज वडा नं ५ बस्ने हिरम्बमान श्रेष्ठकी छोरी सरीताकुमारी श्रेष्ठले कुमारी शिला श्रेष्ठ नाम दर्ताको जग्गा जिल्ला पर्सा वडा नं ५ सिट नं ११३०३९०१३ किनं २२१ क्षेत्रफल ००३६.२८ पारित र.नं. ४३०४ मिति २०७३/३/३० शेषपछिको बकस र ऐऐ वडा नं १४ सिट नं ११३/०३११२३ किनं ४०/२७७ क्षेफ ००७०.५५ पारित र.नं. ८२४ मिति २०७९/८/१३ शेषपछिको बकसको जग्गा निज जध कुमारी शिला श्रेष्ठ मिति २०८१/२/३२ गते परलोक भई वीरगंज–४ को चनं ७१ मिति २०८१/४/१७ सिफारिश मालपोत तथा पारित शेषपछिको बकस लिखत तामेलीमा फेला नपरेको र पारित र.नं. ८२४ मिति २०७९/८/१३ शेषपछिको बकसको किनं ४० कित्ताकाट भई किनं २७७ बाँकी रहेकोले जग्गा यस कार्यालयको मिति २०८१/८/७ आदेश अनुसार हकदाबी सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निवेदकको मागदाबी भएको तपसिलको जग्गा कित्तामा अरू कोही कसैको हकदाबी लाग्ने, पुग्ने भए, अरूको नाममा जध पुर्जा कायम भएको वा निज वा अन्य हकदार भए वा निवेदकको माग शेषपछिको बकस दाखा हुनुनपर्ने कुनै कारण भए अन्य कोही हकदार भए यो सूचना प्रकाशन भएको मितिदेखि बाटो म्यादबाहेक ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित आफू वा रीतपूर्वकको वारेसमार्फत उजूर दाबी गर्न आउनुहोला । म्यादभित्र उजूर दाबी नपरे कानूनबमोजिम हुने बेहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसील

| जिल्ला | गाविस | वडा नं | सि.नं. | कित्ता नं | ज.बि. | दर्तावाला |
|---|---|---|---|---|---|---|
| पर्सा | वीरगंज | ५ | ११३९०१३ | २२१ | ००३६.२८ | कुमारी शिला श्रेष्ठ |
| पर्सा | वीरगंज | १४ | ११३३११२३ | ४०/२७७ | ००७०.५५ | |

वीरगंज महानगरपालिकामा अवस्थित वीरगंज एकीकृत जाँच चौकी (Integrated Check Post–ICP) र सुक्खा बन्दरगाह (Inland Container Depot–ICD) मा आवश्यक पूर्वाधार निर्माणको लागि तयार भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको

## सार्वजनिक सुनवाइ गर्नेसम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०८/१४

नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको नेपाल इन्टरमोडल यातायात विकास समितिले विश्व बैंकको ऋण सहयोगमा रणनीतिक सडक जडान र व्यापार सुधार परियोजना (SRCTIP) अन्तर्गत वीरगंज एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाहको आवश्यक सहयोगी पूर्वाधारहरू निर्माण गर्ने प्रस्ताव गरेको छ । वीरगंज एकीकृत जाँच चौकी परिसरमा उपलब्ध करीब ३६८२५ वर्गमिटर जग्गामा पार्किङ यार्ड, निरीक्षण शेड र गोदाम निर्माण तथा वीरगंज सुक्खा बन्दरगाह परिसरमा उपलब्ध करीब ९८७६ वर्गमिटरमा कन्टेनर यार्ड निर्माण गरिनेछ । प्रस्तावले प्रत्यक्ष प्रभाव पर्ने स्थानहरूमा पर्सा जिल्लाको वीरगंज महानगरपालिकाको १७ र २५ वडा रहेका छन् ।

हाल यो प्रस्तावको वातावरण संरक्षण ऐन २०७६ र सो अन्तर्गतको वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार हुँदैछ । सो प्रतिवेदन तयारीको सिलसिलामा नियमावलीको नियम ६ अनुसार प्रस्तावको सम्बन्धमा निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनवाइ कार्यक्रम आयोजना गर्न लागिएको बेहोरा अवगत गराउँदै सम्बन्धित सबै स्थानीय सरोकावाला व्यक्ति तथा सङ्घसंस्थाका प्रतिनिधिहरूलाई कार्यक्रममा उपस्थित भई आआफ्नो अमूल्य रायसुझाव प्रदान गरिदिनुहुन प्रस्तावक र परामर्शदाता हार्दिक अनुरोध गर्छ ।

**सार्वजनिक सुनवाइ हुने मिति, समय र स्थान**

मिति : २०८१ मङ्सिर २१ गते, शुक्रवार

समयः बिहान ११ बजे

स्थान : एकीकृत जाँच चौकी, वीरगंज महानगरपालिका वडा नं १७ र २५

**बेइजिङ ...**

बेइजिङ घोषणा, सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता र बनेका कानूनको समीक्षा गर्नुपर्ने बताए ।

सांसद शान्ति श्रेष्ठ, विनीताकुमारी सिंह, रुक्मणि कोइराला, सम्झना थपलियाले नागरिक समाजका सङ्घसंस्थाले पनि लिखितरूपमा सवालहरू संसदीय समितिमा पुऱ्याउन सुझाव दिए । अब शुरू हुने संसद्को हिउँदे अधिवेशन र आआफ्ना समितिमा विषयलाई गम्भीरतापूर्वक उठाउने उनीहरूको भनाइ थियो ।

**प्रभावकारी भूमिका खेल्न सुझाव**

बियोन्ड बेइजिङ समिति (बिबिसी)का पूर्वअध्यक्ष शान्तालक्ष्मी श्रेष्ठले हालसम्म सरकारले विभिन्न नीति तथा कानूनहरू निर्माण गरी कार्यान्वयन गरिरहेको भएपनि बेइजिङ घोषणापत्र तथा कार्यमञ्चको लक्ष्यअनुरूप हरेक निकायमा काम हुन बाँकी रहेको बताइन् ।

उनले सबै उमेरका महिलाको समानुपातिक र समावेशी सहभागिता नभएकामा संसद्ले विशेषरूपमा चासो राख्नुपर्ने भन्दै सांसदहरूको ध्यानाकर्षण गराइन् । राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ आए पनि त्यस अनुसार लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्न सांसदले निरन्तर निगरानी गर्नुपर्ने तर त्यसो हुन नसकेको बताइन् । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्यका लागि भेदभावविरुद्धको बृहत् कानून बनाउनुपर्ने र बेइजिङ घोषणा कार्यान्वयनका लागि समानता कानून बनाउन आवश्यक रहेको उनको भनाइ थियो ।

मर्यादित महीनावारीका अभियन्ता डा राधा पौडेलले महिला विकासको क्षेत्रमा सुधार भएपनि हिंसाको कारण खोतलेर छलफल अझै हुन नसकेको टिप्पणी गरिन् । बेइजिङ घोषणा कार्यान्वयनका लागि १२ वटा आयामलाई महीनावारी विभेदको मूल कारणसँग जोडेर समीक्षा गर्नुपर्ने सुझाव दिइन् ।

महीनावारी विभेदलाई हिंसासँग जोडेर छलफल नभएको टिप्पणी गर्दै पौडेलले महीनावारी विभेद यौनिक तथा लैङ्गिक हिंसा भएको र संविधानले प्रत्याभूत गरेका कम्तीमा १४ हक उल्लङ्घन भइरहेको दाबी गरे । बेइजिङ घोषणाका १२ आयाम, लैङ्गिक हिंसा, महीनावारी विभेद र सांसदको भूमिका विषयमा उनले अध्ययन सामग्री प्रस्तुत गरेकी थिइन् ।

# नापतौल जाँच शिविर डुमरवाना र अमलेखगंजमा पुग्ने

प्रस, जीतपुर, १३ मङ्सिर/

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको समन्वयमा जीतपुर बजारमा बिहीवार नापतौल शिविरको आयोजना गरिएको थियो ।



नापतौल तथा गुणस्तर कार्यालयबाट खटिएका कर्मचारीहरुद्वारा जीतपुरसिमराका व्यवसायीको नापतौल सामग्री परीक्षण तथा प्रमाणपत्र नवीकरण कार्यका लागि शिविरको आयोजना गरिएको जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष गजेन्द्रकुमार गुप्ताले बताए ।

उनले मङ्गलवारदेखि जीतपुरसिमरा उद्योग वाणिज्य सङ्घको कार्यालय जीतपुरमा शिविर सञ्चालन गरिएको बताए । हिजो बुधवार र आज बिहीवार सिमरास्थित आन्तरिक राजस्व कार्यालयसँगै रहेको उद्योग वाणिज्य सङ्घको सेवा केन्द्रमा शिविर सञ्चालन भएको र शुक्रवार जीतपुरसिमरा उपमहानगरपालिका–१५ डुमरवानास्थित वडा कार्यालय र शनिवार जीतपुरसिमरा–२१ अमलेखगंजस्थित वडा कार्यालयमा नापतौल सामग्री जाँचका लागि घुम्ती शिविर सञ्चालन हुने जानकारी गराए ।

उपाध्यक्ष गुप्ताका अनुसार जीतपुरसिमराका व्यवसायीहरूलाई वीरगंजसम्म आएर सेवा लिन समस्या भएकोले नापतौल कार्यालय, वीरगंजसँग समन्वय गरी शिविर सञ्चालन गरिएको बताए ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मा लामिछानेले जीतपुर, सिमरा, डुमरवाना र अमलेखगंज क्षेत्रका व्यवसायीहरूलाई शिविरमा सहभागि भएर नापतौल सामग्री अद्यावधिक गर्न आग्रह गरे । नापतौल सामग्रीको अनुगमनका क्रममा हुने कारबाहीबाट बच्नसमेत नापतौलका सामग्री अद्यावधिक आवश्यक रहेको भन्दै अध्यक्ष शर्माले शिविरको फाइदा उठाउन आग्रह गरेका थिए ।

नापतौल सामग्रीको जाँच शिविरमा उद्योग वाणिज्य सङ्घले व्यवसायी प्रमाणपत्रसमेत नवीकरण गर्ने सुविधा उपलब्ध गराएको कोषाध्यक्ष रामबाबू कलवारले बताए ।

# सिम्रौनगढमा करदाता शिक्षा तथा अन्तर्क्रिया

प्रस, सिम्रौनगढ, १३ मङ्सिर/



करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सिम्रौनगढ नगरपालिकास्थित बारा उद्योग वाणिज्य सङ्घको सभाकक्षमा सम्पन्न भएको छ ।

उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबू कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा कर, प्यान, प्यानको प्रकार, करको प्रकार, सहकारी ऐन, मूअकर, आयकर, कर पाटी, अन्त:शुल्क र अवैध मदिराबारेमा जानकारीका साथै करदाताको कर्तव्य तथा दायित्वका बारेमा छलफल भएको थियो ।

करदाता सेवा कार्यालय, कलैयाको आयोजना तथा उद्योग वाणिज्य सङ्घ सिम्रौनगढको समन्वयमा भएको अन्तर्क्रियात्मक कार्यक्रममा करदाता सेवा कार्यालय, कलैयाका प्रमुख विष्णु सिंग्देल, नायब सुब्बा रमेशप्रसाद कुर्मी र विनयकुमार राउतले सहजीकरण गरेका थिए ।

# बारा प्रहरीले १० जना फरार अपराधीलाई समात्यो

प्रस, वीरगंज, १३ मङ्सिर/



जिल्ला प्रहरी कार्यालय, बाराले फरार सूचीमा रहेका १० जनालाई पक्राउ गरी बारा जिल्ला अदालतमा पेश गरेको छ । बारा प्रहरीका प्रवक्ता एवं प्रहरी उपरीक्षक प्रकाश सापकोटाले जिल्ला अदालत कलैयाबाट दण्ड सजाय तोकिएका १० जनालाई पक्राउ गरी सम्बन्धित बारा जिल्ला अदालतमा पेश गरिएको बताए ।

उनले चोरी मुद्दामा दण्ड सजाय भएपछि कलैया उपमहानगरपालिका–१८ मोतिसर निवासी लालबाबू महतो धानुक, फेटा गापा–४ बतरा निवासी मुकेश मुखिया, निजगढ नपा–९ निवासी अमृत लामा, सिम्रौनगढ नपा–११ निवासी सन्तोषसाह तेली, वडा नं १० निवासी वकीलप्रसाद यादव, करैयामाई गापा–८ निवासी नागेन्द्र पण्डित, महागढीमाई नपा–२ शेषनाथ साह तेली, निजगढ नपा–१ निवासी जनकबहादुर स्याङ्तान र सोही स्थान निवासी प्रेमबहादुर स्याङ्तानलाई पक्राउ गरिएको बताए ।

बारा जिल्ला अदालतबाट विभिन्न मुद्दामा सजाय भएपछि यी अभियुक्तहरू फरार सूचीमा थिए ।




**प्रसौनीमा ...**

मेला समितिका अध्यक्ष केदार साहले नेपाल र भारतबाट मेला भर्न ठूलो सङ्ख्यामा भक्तजनहरू आउने गरेको बताए । दुई दिने मेलामा २० हजार बढी भक्तजन आउने गरेको उनले बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक सुरेश भट्ट, शिक्षक श्रीलाल साह, वीरेन्द्र साह, जादो साह, बम यादव, गौरीशङ्कर साह, बिगा चौरसियालगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## शिभाली फेरि च्याम्पियन

काठमाडौं, १३ मङ्सिर/रासस

नेपालकी शिभाली गुरुङ इमर्जिङ एथलिट्स जुनियर यू–१४ एशियाली टेनिस प्रतियोगिता अन्तर्गत सर्किट टुको गर्ल्स एकलतर्फ बिहीवार पहिलो भएकी छन् । सर्किट–१ मा पनि शिभाली पहिलो भएकी थिइन् ।

नेपाल टेनिस सङ्घ र इमर्जिङ एथलिट्सद्वारा संयुक्त आयोजित प्रतियोगिताको फाइनलमा शिभालीले अइसथ करिन सइजनलाई ६–० र ६–० को सोझो सेटमा सहजै पराजित गरेकी थिइन् ।

त्यस्तै, ब्वाइज सिंगल्समा न्युजिल्यान्डका ज्याक्स रूप र भारतका तनीश नन्दा फाइनलमा पुगे । सातदोबाटोस्थित टेनिस कोर्टमा ज्याक्सले सर्किट–१ का विजेता अभि अग्रवाललाई ६–२ र ६–० को सोझो सेटमा हराए । अर्को सेमिफाइनलमा तनीशले बृजेश अर्याललाई सीधा सेटमा ६–२ र ६–१ ले पाखा लगाए ।

## एनपिएल: चितवन राइनोजले समर्थकलाई निश्शुल्क बस सेवा उपलब्ध गराउने

काठमाडौं, १३ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)को टोली चितवन राइनोजले आफ्नो खेल हुने दिनमा चितवनबाट काठमाडौं आउन चाहने समर्थकलाई निश्शुल्क बस सेवा उपलब्ध गराउने भएको छ ।

खेल हुने दिनमा चितवन मेडिकल कलेजदेखि त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान कीर्तिपुरसम्म र क्रिकेट मैदान कीर्तिपुरदेखि चितवन मेडिकल कलेजसम्म निश्शुल्क दैनिक पाँचवटा बस व्यवस्था गरिएको टोलीले जनाएको छ । उक्त सेवा टिकट खरीद गरेका समर्थकहरूले लिन सक्ने चितवन राइनोजले जनाएको छ ।

चितवन राइनोजले आफ्नो पहिलो खेल यही मङ्सिर १७ गते काठमाडौं गुर्खाजसँग खेल्दैछ । उक्त खेल दिउँसो सवा एक बजे शुरू हुनेछ । पहिलो खेलको लागि चितवन मेडिकल कलेजदेखि काठमाडौंका लागि बिहान तीन बजे बस प्रस्थान गर्नेछ ।

## एनसेल फाउन्डेसनले प्रत्येक चौकामा शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं, १३ मङ्सिर/रासस

एनसेल फाउन्डेसनले नेपाल प्रिमियर लिग (एनपिएल)का खेलमा प्रत्येक चौकामा ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीलाई चारवटा शैक्षिक सामग्री प्रदान गर्ने घोषणा गरेको छ ।

"क्रिकेटले सबैलाई एकताबद्ध बनाउँछ, यस पहलमार्फत हामी ग्रामीण र दुर्गम विपन्न क्षेत्रका विद्यार्थीहरूको जीवनमा सकारात्मक प्रभाव पार्न चाहन्छौं," एनसेलकी कर्पोरेट कम्युनिकेशन र सिएसआर प्रमुख विशाखा लक्ष्मी खड्काले बताइन् ।

फाउन्डेशनले उपलब्ध गराउने शैक्षिक सामग्री क्रिकेट एशोसिएशन नेपाल (क्यान), स्थानीय निकाय र सरोकारवालाहरूको समन्वयमा प्रदान गरिनेछ । क्यानले एनपिएलका लागि एनसेलसँग यस अघि नै साझेदारी सम्झौता गरिसकेको छ । यस साझेदारी अन्तर्गत, एनसेल, सिद्धार्थ बैंक नेपाल प्रिमियर लिगको 'पावर्ड बाई' पार्टनरको रूपमा रहेका छन् ।




**एनपिएलका लागि मैदान तयार गरिंदै:** काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट मैदान टी–२० फ्रेन्चाइज क्रिकेट प्रतियोगिता नेपाल प्रिमियर लिग (एनपिएल)का लागि तयार गरिंदै । तस्बिर: नवीन पौडेल/रासस

# साना किसान लाभान्वित हुने गरी बीमा कार्यक्रम कार्यान्वयन

काठमाडौं, १३ मङ्सिर/रासस

सरकारले साना किसान लाभान्वित हुने गरी बाली तथा पशुधन बीमा कार्यक्रम लागू गरेको छ । उक्त कार्यक्रम अन्तर्गत बीमालेख रु ५० लाख जारी गरेका किसानलाई ८० प्रतिशत अनुदान, एक करोडसम्मका लागि रु ६५ करोड र एक करोडभन्दा माथिको बीमालाई ५० प्रतिशतमा वर्गीकरण गरी कार्यक्रम लागू गरिएको हो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा धेरै किसानलाई बीमाको दायरामा ल्याउन र उनीहरूलाई अधिकतम सुविधा उपलब्ध गराउन बीमासम्बन्धी सरोकारवालासँग छलफलसहित विद्यमान कार्यविधि परिमार्जन गरी नयाँ कार्यक्रम लागू गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । हालसम्म सबै प्रकारका बीमामा किसानलाई बीमा शुल्कको ८० प्रतिशतसम्म अनुदान दिने व्यवस्था थियो ।

साना किसानले अधिकतम अनुदान प्राप्त गर्नेगरी ल्याइएको कार्यक्रममा ठूला लगानीका किसानले कम अनुदान पाउने व्यवस्था गरिएको छ । बाली तथा पशुधन बीमाको शुल्क अनुदान उपलब्ध गराउने कार्यविधि २०८१ मा कृषि मन्त्रालयका सचिवको संयोजकत्वमा गठित समितिले प्रत्येक वर्ष बाली तथा पशुधन बीमा कार्यान्वयन गर्ने जनाइएको छ ।

सूचना अधिकारी जोशीका अनुसार गत कात्तिकदेखि कार्यान्वयनमा ल्याइएको उक्त कार्यक्रममा यस क्षेत्रमा बीमा गर्ने कम्पनीले जारी गरेको सम्बन्धित बीमालेख, त्यसको दायित्वलगायत आवश्यक सूचनाको विवरण प्रत्येक तीन महीनामा बीमा प्राधिकरणमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । सो विवरण प्राधिकरणले १५ दिनभित्र मन्त्रालयमा बुझाउनुपर्नेछ ।

२०६९ माघ १ गतेदेखि शुरू गरिएको बीमा कार्यक्रम व्यवस्थित गर्न २०७० मा अनुदान निर्देशिकामार्फत ७५ प्रतिशत अनुदानको व्यवस्था गरिएको थियो । आर्थिक वर्ष २०७९/८० को बजेटबाट ८० प्रतिशत अनुदान दिइएको थियो ।

**सच्याइएको**

यस दैनिकको २०८१ मङ्सिर १२ गतेको अङ्कमा पृष्ठ नं १,२,३,४,५ मा 2024 November 27 Wednesday हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । – सं

**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,

> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,

> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड